वर्ष : १६, अंक : २, काठमाडौं, २०७७ बैशाख १२ गते शुक्रबार, 24 April 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## अग्रगामी लोकतान्त्रिक शक्ति निर्माण भयो : डा.भट्टराई



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका नेता डा. बाबुराम भट्टराईले नेपालमा कांग्रेस र कम्युनिष्टको वैकल्पिक अग्रगामी शक्तिको रूपमा आफ्नो पार्टीमा एकताबद्ध हुन अपिल गरेका छन् । बुधबार समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबिच एकता पत्रमा हस्ताक्षर गर्ना साथ नेता भट्टराईले सो अपिल गरेका हुन् । उनले दुई पार्टीबिच एकता भएको जानकारी दिदै मुलुककै भरपर्दो अग्रगामी लोकतान्त्रिक शक्ति निर्माण भएको दाबी गरेका छन् । नेकपाका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषदबाट अध्यादेश ल्याएर समाजवादी पार्टी र राजपालाई फुटाउने प्रयास गरेको भए पनि दुई दलबीच सोअघि नै रातारात एकता गरिएको हो । एकीकृत पार्टीको पदाधिकारी र घोषणाबारे भने नेताहरूले केही उल्लेख गरेका छैनन् र प्रधानमन्त्री ओलीले समाजवादी पार्टी फुटाउनुपूर्व एकता गर्न दुई दल सफल भएको छ ।

## कोरोनासाग लड्न सर्वपक्षीय संयन्त्र गठन गर्न संघीय गठबन्धनको माग

काठमाडौं । पहिचानमा आधारित संघीय गठबन्धन, २०६५ ले वैश्विक महामारी कोरोना भाइरस (कोभिड-१९) सँग लड्न सर्वदलीय-सर्वपक्षीय संयन्त्र गठन गर्न माग गरेको छ । यसबेला कोरोना भाइरसको महामारीसँग नेपाललगायत सम्पूर्ण विश्व प्रतिरोध युद्ध लडिरहेको छ । भाइरस संक्रमणले विश्वमा लाखौंको मृत्यु भइरहेको छ, र संक्रमणबाट बच्न नेपाललगायत विश्वमा लकडाउन जारी छ ।

नेपालमा सरकारले जारी गरेको लकडाउन चौतर्फी बन्दलाई संघीय गठबन्धनले समर्थन गर्दै कडाइको साथ पालना पनि गरिरहेको जनाएको छ । तर, यो वर्तमान महामारी सानोतिनो घटना होइन, र यसलाई कसैले पनि खेलाची नठान्न चिकित्साशास्त्री, अर्थशास्त्री, राजनीति शास्त्रीहरूले संसारलाई चेतावनी दिइरहेका छन् ।

यो महामारीसँग अहिले जुध्न नै धेरै ठूलो संयुक्त शक्ति चाहिन्छ र कोरोना महामारीपछि विश्व र नेपालमा आउने आर्थिक राजनैतिक उथलपुथलहरूलाई सामना गर्न अझ ठूलो संयुक्त प्रयास चाहिन्छ भनेर विद्वानहरूले भनिरहेका छन् ।

यहाँ ५ वर्षमा हुने चुनावमा एक तिहाइ भोट प्राप्त गरेर बहुमतको हवाला दिंदै सरकार हाँक्नु मात्र नेपाल होइन, नेपाल त पुरानो देश हो, यहाँ थुप्रै सभ्यता, समुदायहरू ज्युँदै छन् र अहिले जुर्मुराइरहेका छन् र ती सबै पक्षहरूलाई समेटेर देश, देशवासीको रक्षाको लागि अघि बढ्नु वुद्धिमत्ता हुने सुझाव गठबन्धनले दिएको छ ।

# जनता समाजवादी पार्टी : चुनौती र अवसर



काठमाडौं । लामो समयको प्रयासपश्चात् अन्ततः राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीबीच एकीकरण सफल भएको छ । एकीकरणपश्चात् 'जनता समाजवादी पार्टी' घोषणा भएको हो । समानताको आधारमा दुवै पार्टीबीच एकीकरण भएको हो ।

बुधबार राति अबेरसम्म दुवै पार्टीका नेताहरूबीच भएको वार्तामा पार्टी एकीकरण टुंगो लागेको हो । एकीकृत पार्टीको समाजवादी पार्टीले प्रयोग गर्दै आएको आयताकार आकारको रातो र हरियो रंगको तारा हुनेछ ।

यसैगरी जनता समाजवादी पार्टी (जसपा)को चुनाव चिन्ह राजपाले प्रयोग गर्दै आएको छाता हुने सहमति भएको सहमतिपत्रमा उल्लेख छ ।

तत्कालिन मधेशी जनअधिकार फोरम नेपालले अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी नेपालसँग एकीकरण गरी संघीय समाजवादी फोरम नेपाल गठन गरेको थियो । अशोक राई नेतृत्वको तत्कालिन समाजवादी पार्टी र उपेन्द्र यादव नेतृत्वको तत्कालिन फोरम नेपालबीच एकीकरण भइ संघीय समाजवादी फोरम नेपालका विभिन्न संगठनबीच समायोजन चलिरहेकै बेला सो पार्टीले डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति नेपालसँग एकीकरण गरी समाजवादी पार्टी बनाएको थियो । अहिले यी दुई दलबीच समायोजनको प्रक्रिया चलिरहेकै बेला राजपा नेपालसँग एकीकरण भएको छ । देश लकडाउनमा नै रहेको बेला सरकारले आकस्मिकरूपमा दल बदल सम्बन्धी ऐन अध्यादेशमार्फत संशोधन गर्यो । त्यसले संसदमा रहेका सबै दललाई झस्कायो । समाजवादी पार्टी त फुट्ने तयारीमा अवस्थामा नै पुग्यो । राजपा नेपालको पनि त्यही अवस्था तयार भयो । पार्टी फुट्ने अवस्था भएपछि यी दुई दल एकीकरणका लागि तयार भए र एकीकरणको घोषणा भयो ।

यी दुई दलको इतिहास हेर्दा उनीहरू कहिले पनि स्थिर रहेको देखिँदैन । मधेशी जनअधिकार फोरम र त्यसभन्दा अघि गठन भएको नेपाल सद्भावना पार्टी यी दुवै दलको गठन भएदेखि आजसम्मको यात्रा उचारचढावले भरिहेको छ । टुटफुटको समस्या पहिलादेखि झल्दै आएका यी दुवै पार्टीले यत्रो समय आफ्नो आन्तरिक व्यवस्थापनमा नै समय खेर फाल्यो र अहिले पनि त्यही अवस्था छ । राजनीतिक विश्लेषक एवं पूर्व राजदूत विजयकान्त कर्णले भन्छन्, 'यी दुवै दलले गठन भएदेखि नै आफूलाई व्यवस्थान गर्नमा समय बिताए । तर, उनीहरू कहिले पनि व्यवस्थित हुन सकेनन् । अगामी दिनमा नयाँ एकीकृत पार्टीका लागि यो नै सबभन्दा ठूलो चुनौती रहनेछ ।' फोरम नेपाल शुरूमा टुटफुटबाट अक्रान्त थियो । त्यसपछि अशोक राइको पार्टीसँग एकीकरण गरी व्यवस्थित हुन नपाउँदै डा.भट्टराई नेतृत्वको पार्टीसँग एकीकरण भयो । र, फेरि राजपा नेपालसँग जोडियो । राजपा नेपालको पनि अवस्था त्यही नै छ । दुवै पार्टी आफूमा पार्टी नै हुन नसकेको कार्णले टिप्पणी गरे ।

## पार्टी एकताको खुशियालीमा राजविराजमा दीप प्रज्ज्वलन

राजविराज । राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीबीच एकता भएसँगै सप्तरीमा दुबै पार्टीका नेता तथा कार्यकर्ताहरूले मैनबति प्रज्ज्वलन गरेका छन् । नवगठित जनता समाजवादी पार्टी, नेपाल निर्वाचन आयोगमा दर्ता भएसँगै खुशीयालीमा मैनबति प्रज्जवलन गरेको युवा नेता गजेन्द्र मण्डलले जानकारी दिए ।

बिहीबार जसपा नेपालका नेताहरू आयोगको कार्यालयमा पुगी दल दर्ता गराएका हुन् । बुधबार राति राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीबीच एकीकरण गर्ने सहमति भएको थियो ।

सहमतिपत्रमा समान हैसियतमा दुवै पार्टीबीच एकता भएको उल्लेख छ । सो अवसरमा मनिष कुमार सुमन, पूर्वसासंद सुभाष यादव, राजबिराज नगरपालीका प्रमुख शंभु प्रसाद यादव, तिलाठीकोईलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिँह, दिनेश यादव, जिल्ला ईन्चार्ज सत्य नारायण यादव, जिल्ला अध्यक्ष केदार यादब, सुनिल झा, हरेराम यादव, विद्यार्थी नेता किशोर कुमार यादव, शंभु यादव लगायतले गजेन्द्र चौक, दशन चौक लगायत विभिन्न ठाउँहरूमा दिप प्रजज्वलन गरेको युवा नेता निरज झाले जानकारी दिए ।

## लकडाउनले भारतमै अड्कियो नेपालको रेल

काठमाडौं । कुर्था-जनकपुर-जयनगर खण्डमा सञ्चालन गर्नेगरी खरिद गरिएको रेल नेपालका लागि गुडे पनि लकडाउनका कारण भारतमै अड्किएको छ । रेल भारतको चेन्नाई स्थित उद्योगबाट गुडेर मध्य प्रदेशको जबलपुरमा आइसकेको रेल विभागका महानिर्देशक बलराम मिश्रले जानकारी दिए ।

रेल विक्रेता भारतीय कम्पनी कोंकण रेलवे कर्पोरेसन र रेल विभागबीच २०७६ चैत १८ गते पहिलो रेल सेट हस्तान्तरण गर्ने सहमतिअनुसार रेल चेन्नाइस्थित उद्योगबाट गुडेको थियो । उनले भने, 'लकडाउनका कारण जबलपुरबाट रेल अघि बढ्न सकेको छैन । रेलको यथास्थितिको बारेमा उद्योगका अधिकारीसँग फोनमा सम्पर्क भइरहेको छ । लकडाउन खुलेपछि नेपालका लागि हिडाइनेछ ।' लकडाउन खुले पनि रेल नेपाल भित्रिनका लागि थप १० देखि १५ दिन लाग्नेछ । नेपाल भित्रिने रेलका लागि डेडिकेटेड लाइन उपलब्ध हुने हो भने २ देखि ३ दिन भित्रमा आइपुग्छ । तर, भारतीय रेल गुड्ने समयमा नेपालको रेलले ट्र्याक ओगट्न पाउँदैन । ट्र्याक खाली भएको समयमा गुडाउनु पर्ने भएकाले रेल भित्रिन केही समय लाग्ने देखिएको छ ।



**समय सन्दर्भ**

**समीम मियाँ अन्सारी**



# मस्जिदमा कोही पनि लुकेर बसेका छैनन्

अहिलेको समयमा कुनै समुदाय विशेषमाथि आरोप पत्यारोप लगाउनु उपयुक्त होइन । कोरोनाइ भाइरस (कोभिड-१९)ले न त कुनै जात, न त कुनै धर्म, धनी-गरिबलाई हेरेर आउने होइन । त्यसकारणले अहिलेको समयमा यस्तो आरोप लगाउनु अत्यन्त दुःखद कुरा हो । यस्ता सोचबाट हामी टाढा हुनुपर्छ । सिंगो देश र देशवासीलाई यो संकटबाट कसरी जोगाउने, यो रोगबाट कसरी बचाउने त्यतातिर हाम्रो सम्पूर्ण ध्यान हुनुपर्छ । केही व्यक्तिले गर्दाखेरि अलिकति यस्ता अफवाह फैलिएको हो । तर, आमजनमानसमा यस्तो सोच छैन । केही व्यक्तिले सामाजिक सञ्जालहरूमा हाम्रो सामाजिक सद्भावमा खलल पुर्‍याउने काम गरेकै हो । यसप्रति हामी गम्भीर छौं । यस्ता अफवाहहरूको हामीले खण्डन गरेकै हौं । पछिल्लो समयमा हामीले प्रत्येक जिल्ला प्रशासन कार्यालयसँग समन्वय भइरहेको छ, गृह मन्त्रालयसँग समन्वय भइरहेको छ । यो कोरोना भाइरसमा मुस्लिम समुदायको त्यस्ता कुनै गतिविधि पनि छैन । सबै मिलेर यो कोरोना भाइरससँग लड्ने समय हो । त्यसैले जातपातको विषयलाई नउठाउँदा राम्रो हुन्छ ।

मस्जिदमा कोही पनि लुकेर बसेको अवस्था छैन । विभिन्न देशहरूबाट जमातिहरू आउनुभएका छन् । लकडाउन भएपछि उहाँहरू फँसेको अवस्था हो, कोही लुकेर बसेको छैन भन्ने प्रष्ट पार्न चाहन्छु । जमातिका विषयमा हामीले नेपालका अगुवाहरूसँग सम्पर्क गरेर यथार्थ विवरण पनि लिइरहेका छौं । त्यो विवरण हामीले जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयमा पनि जानकारी गराइरहेको अवस्था छ । आइतबार पनि हाम्रो सर्वपक्षीय बैठकबाट जमातिका अगुवाहरूलाई बोलाएका छौं । उहाँहरूलाई दुई दिनभित्र सम्पूर्ण विवरण दिन निर्देशन पनि दिएका छौं । नेपालभरि कति जमाति छन्, कहाँ-कहाँ, के-के गरिरहेका छन्, ती सम्पूर्ण विवरण दिन निर्देशन दिइसकिएको अवस्था छ । त्यसले गर्दा मुस्लिम समुदायका व्यक्ति वा जमातिहरू कहीं पनि लुकेर बसेको अवस्था छैन । जो जहाँ छन्, लकडाउन भएपछि फँसेको अवस्था हो । लुकेको शब्द प्रयोग नगर्दा राम्रो हुन्छ ।

हामीले पटक-पटक सचेत गराउँदैछौं आफ्ना समुदायलाई र पछिल्लो समयमा सचेत गराएर विज्ञप्तिमार्फत् भनेका छौं । जो जहाँ छन्, त्यो जिल्लाको प्रशासन कार्यालयमार्फत् आफ्ना विवरण दिनुस् र चेकजाँच गराउनका लागि सहयोग गर्नुस् भनेर हामीले अपील गरेपछि सबैले अहिलेको अवस्थामा चेकजाँच गराइसकेका छन् । हामीले सर्वपक्षीय बैठकको निर्णयमा पनि स्पष्ट भनेका छौं, दुई महिनाभित्र कोही विदेशबाट आएका छन् अथवा जमातबाट आएका छन् भने ती परिवारका सम्पूर्ण व्यक्तिसमेत गएर चेकजाँच गराउनुस् भनेर निर्देशन पनि दिइसकेको अवस्था छ । त्यसकारणले कोही पनि अब चेकजाँच नगराइकन अथवा सरकारलाई जानकारी नगराइकन बस्ने अवस्था छैन ।

जमाति भनेको कुनै नयाँ नाम पनि होइन र काम पनि होइन । जमात भनेको देश विदेशमा इस्लामको प्रचार प्रसार गर्ने, प्रवचन दिने काम हो । यो आजको होइन । ९०-९५ वर्ष पहिला तब्लिग जमात सुरूवात भएको हो । त्यहीं सन्दर्भमा नेपालका जमातिहरू विदेश जाने, विदेशका पनि नेपाल आउने उहाँहरू वार्षिक रूटिनअनुसार हिंड्नु हुन्छ । त्यसकारणले जमाति भनेको एउटा लुज फोरम हो । विश्वभरि नै फैलिएको अवस्था छ । त्यहीं क्रममा नेपालमा पनि विभिन्न देशका जमातिहरू फस्नुभएका छन् । उहाँहरू विशुद्ध इस्लामको कुराहरूमा प्रवचन दिने हो । त्यतिमात्रै उहाँहरूको काम हो । उहाँहरूले यो कुनै राजनीतिक कुराहरू पनि गर्नु हुन्न, राष्ट्रिय-अन्तर्राष्ट्रिय कुराहरू पनि गर्नु हुन्न । केवल सही बाटोमा हिंड्नका लागि मार्गदर्शन दिने काम गर्नुहुन्छ ।

सम्पूर्ण जनमानसलाई सचेत गराउनका लागि हामीले सर्वपक्षीय बैठकबाट देशैभर अनुगमन समितिहरू बनाउने निर्णय गरेका छौं । केन्द्रमा मेरै अध्यक्षतामा सात सदस्यीय अनुगमन समिति गठन भइसकेको छ । यस्तै, हरेक जिल्लामा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर हामीले चार-पाँच सदस्यीय अनुगमन समितिहरू गठन गर्न निर्देशन दिइसकेका छौं । ती समितिहरूले मस्जिद मदरसा अनुगमन गर्नेछ । केही दिनमा हाम्रो रमजान पर्व आउँदैछ, त्यसमा भीडभाड हुने सम्भावनालाई मध्यनजर गरेर घर-घरमै नवाज पढ्नका लागि त्यो समितिले काम गर्छ ।

## सम्पादकीय

### अध्यादेशले गराइदिएको एकीकरण

लामो समयको प्रयासपछि बहुप्रतिक्षित र बहुचर्चित एकीकरणको साइत सरकारले ल्याएको अध्यादेशले राजनपा नेपाल र समाजवादी पार्टीबीच गराइदिएको छ। राजपा र समाजवादीका नेताहरूको अनिच्छा हुँदा हुँदै पनि जनता समाजवादी दल गठन भएको हो। दुवै दलमा चरम असन्तुष्टिहरू कायमै रहेको देखिन्छ। जे होस् यो एकीकरणले कोरोना महामारीको त्रास हुँदा हुँदै पनि दुवै दलबीच भएको एकीकरणले मधेशमा खुशीको संकेत दिएको छ। बद्लिँदो

**लामो प्रयास र त्यागका कारण गरिएको एकीकरणले देश र मधेशको अधिकार सम्पन्न बनाओस्। शान्त, साझा र समृद्ध मधेश निर्माणमा सकारात्मक भूमिका खेलोस्।**

राजनीतिक परिवेश, थ्रेसहोल्डको सम्भावित असर र मधेशी जनताको चाहनाका कारण एकीकरण सम्भव भएको छ। कार्यदिशा, रणनीति, समयसीमाको प्रष्टताका साथ अवधारणा सार्वजनिक भएन भने यो एकीकरण एउटा समाचारमा मात्र सीमित भइहाल्छ। एकीकृत दलले अबको धार, धारणा र धरातल प्रष्ट्याएर अगाडि बढ्न जरूरी छ। एकीकरण हुनु सुखद् समाचार हो तर यो पापमोक्ष अभियान पक्कै होइन। दलहरूको हिजोको प्रतिबद्धता, प्रवृत्ति, प्रतिफलका बारे समीक्षा गरी जनतालाई बताउन सक्नु पनि बाँकी रहेको दायित्व मध्ये एउटा पर्छ। मधेशी, आदिवासी जनजाति, उत्पीडित जनताको नाममा भएको एकीकरण र त्यसपछिको कार्यशैलीले भविष्य निर्धारण गर्ला। एकीकरणको सुसमाचारले मधेशको एउटा तप्कामा खुशी छाएको छ। तर, आत्मआलोचना बिनाको एकीकरणले जिल्ला-जिल्ला वा भ्रातृ संगठनलाई समेट्न कुनै नयाँ जुक्ति अख्तियार गर्नुपर्ला। लामो प्रयास र त्यागका कारण गरिएको एकीकरणले देश र मधेशको अधिकार सम्पन्न बनाओस्। शान्त, साझा र समृद्ध मधेश निर्माणमा सकारात्मक भूमिका खेलोस्। एकीकरणमा लागेका सबैमा शुभकामना।

## जनता समाजवादी पार्टीलाई शुभकामना र सुझाव

**हुम सुनारी मगर**

समाजवादी र जनता पार्टी मिलेर जनता समाजवादी पार्टी बन्ने सहमति भएछ। शुभकामना छ शिशु पार्टीलाई। विज्ञप्ति हेर्दा दुई दलहरू एकता गर्ने सहमति मात्रै भएको तर वैधानिक रूपले एकीकरण भईसकेको देखिदैन। यसले छिट्टै नेपालको भूगोल, नेपाली जनताको वर्ग र जातीय अवस्थालाई उचित रूपले व्यवस्थापन गर्ने गरि एउटा व्यवस्थित राजनीतिक कार्यदिशा सहितको विधान मस्यौदा तयार पारोस् र पहिलो राष्ट्रिय भेला आयोजना गरेर जारी गरोस्।

यो पार्टी नेकपा र काँग्रेसमा जस्तो एक जातिको बर्चस्व नहोस्। यस जनता समाजवादी पार्टीको हुनेवाला संरचना हेर्दा मधेश समुदायका नेताहरूको बाहुल्यता हुने देखिन्छ। यो पार्टीलाई कुनै एक निश्चित जाति अथवा समुदायको राजनीतिक पार्टी हो भन्ने आम जनतालाई नपरोस्।

पार्टीको हरेक तहमा जनसंख्याको आधारमा पूर्ण समानुपातिक समावेशी भएको विभिन्न संरचनाहरू बनोस्। नेपालमा बसोबास गर्ने सबै आदिवासी जनजाति, मधेशी, दलित, खस(आर्य, सिमान्तकृत र अति पिछ्छिदिएका समुदायहरूको समान र सम्मान रूपले सहभागिता होस्। अति बिपन्न र पिछडा समुदाय र वर्गलाई कम भन्दा कम समय भित्रमा नै सम्पन्न र समृद्ध बनाउँन यस पार्टीले प्रमुख भूमिका खेलोस्।

भ्रष्टाचारलाई सून्यमा झार्न पार्टीले उचित कानूनी उपचार अप्नाओस्। राजनीतिलाई धन सम्पती आर्जन गर्ने हेतुले आजीवन राजनीति गर्ने पेशा बनाईरहेका छन्, त्यस्तो गलत प्रवृत्तिको अन्त्य गरोस्। सत्तामा पुगेर आफ्ना नातागोता र कार्यकर्ताहरूलाई पोस्ने र राजनीतिक नियुक्ति दिने गलत प्रवृत्तिको पनि अन्त्य गरियोस्। भूमाफिया, कालाबजारिया र दलालहरूसँग पार्टी र यसका नेता कार्यकर्ताहरूको संलग्नता भएको पाइएमा त्यस्ता कमिशनखोरलाई पार्टीमा कहिल्यै पुनस् प्रवेश हुन नपाउँने गरि पार्टीबाट निस्कासन गरोस्। गलत आंचरण भएका जो कोहिलाई पार्टीको ढोका सदाका लागि बन्द होस्।

पार्टीले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख ९राष्ट्रपति होइन, भारतले जे नाम राख्यो त्यहि राख्नु पर्छ भन्ने छैन० निर्वाचित हुने व्यवस्था गरोस्। र, जनसंख्याको आधारमा पूर्ण समानुपातिक समावेशिता भएको विधायकको व्यवस्था गरोस्। विधायकलाई मन्त्री बनाउँने व्यवस्था नहोस्। सम्बन्धित क्षेत्रमा विज्ञहरूलाई सोहि अनुसारको मन्त्रालयको जिम्मा दिने व्यवस्था होस्। त्यसो गर्दा कुलमान घिसिङ्ग उर्जामन्त्री बन्न सक्नेछ। डा। महावीर पुन विज्ञान तथा प्रविधिमन्त्री बन्नेछ। डा। अनुराधा कोइराला महिला तथा बालबालिका मन्त्री बन्न सक्नेछ। उत्तम संजेल शिक्षामन्त्री बन्न सक्नेछ।

त्यस्तै विभिन्न समुदायबाट विज्ञ व्यक्तित्वहरू त्यो अनुसारले मन्त्रीहरू र संवैधानिक निकायका प्रमुख बन्न सक्नेछ। विधायक मन्त्री बन्न नपाउँने व्यवस्था भएपछि वर्तमान अति महँगो र भ्रष्ट चुनावी प्रणालीको स्वतस् अन्त्य हुनेछ। विधायकको काम नियम, कानून र नीति निर्माण बनाउँने हो।

राज्यको कुनैपनि जिम्मेवार पद र संवैधानिक निकायको ओहोदामा बहाल जो कोहिले राज्य र जनतालाई प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्नेगरी भ्रष्टाचार गरेको ठहरिएमा त्यस्ता व्यक्तिलाई फाँसीको सजाय हुने व्यवस्था कानूनलाई यस पार्टीले अवलम्बन गरोस्।

## ‘गणतन्त्र, संघीयता र धर्म-निरपेक्षता भनेको श्री ३ हरूकै शासन हो रहेछ !’



**डा.मनोज मुक्ति विवेक**

> गणतन्त्रका ठेकेदारहरू दलाल, आत्मसमर्पणवादी र लम्पसारवादी भएको भान भइरहेको छ। कुर्सी र पावरका लागि अंकगणितीय राजनीतिमा रम्दै आएका छन्।

लोकतन्त्रको अर्थ जनताको शासन र गणतन्त्रको अर्थ जनताको राज्य जहाँ देशको सर्बोच्च पदमा आमनागरिकबाट कुनैपनी ब्यक्ति पदासिन हुनसक्छ। हाल नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य ब्यबस्था भएको देश हो।

माओवादी स(शस्त्र आन्दोलनको हत्या, हिंसा र बितन्डाले आक्रान्त, त्रस्त, छटपटीदै निकासको खोजीमा रहेका निरीह आम जनता, तत्कालीन संसदीय दलहरूको असक्षमता र परम्परागत शाह वंशीय राजा बिरेन्द्रको अप्रत्याशित,एवं नाटकीय रूपमा भएको सपरिवार सहितको वंश नाश पछि संयोगबस गद्दी आरोहन भएका राजा ज्ञानेन्द्र र तिनका आसेपासे, भाई(भारदार, महामुर्ख स्वार्थी चापलुस सल्लाहकारहरूको घमण्ड र अदुर्दशीताको जगमा विकसित “जन(आन्दोलन“ को परिणाम र संसद पुनःस्थापनले देखाएको बैमानी चरित्रको प्रतिफल स्वरूप बि.सं. २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषण गर्यो र लगभग २५० वर्षको लामो इतिहास बोकेको राजसंस्थालाई संवैधानिक रूपमा अन्त्य गर्यो। तर राजनीतिक खिचातानी, दलिय एवं ब्यक्तिगत स्वार्थ र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको चलखेलका कारण २ वर्षे कार्याकालको म्यान्डेट पाएको संविधान सभा ४ वर्षसम्म लम्ब्याउदा पनि पहिलो संविधानसभाले नेपालको संविधान जारी गर्न सकेन र विघटन भयो। दोस्रो संविधानसभाले तयार पारेको देशको संविधानको व्यापक बिरोध हुदाहुदै पनि बि. सं. २०७२ असोज ३ गते आम जनताको छाती र ठाउकोमा गोली ठोकी रगतको खोला बगाई ४ जनाले कोठे सहमति कै आधारमा नेपालको संविधान जारी भयो र “धर्म(निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्र“ नाममात्रको कागजी रूपमा संबैधानिक उपलब्धि भयो।

कुनैपनि देशको आम जनता लोकतन्त्र र लोकतान्त्रिक सरकारको पक्षधर हुन्छ। जनताको चाहना नै स्वतन्त्रता, शान्ति र बिकास हुन्छ। सायद त्यसैले प्रचण्ड पथबाट त्रसित, आतंकित, बिभत्स जनता सजिलै आन्दोलित भए र नेपालमा गणतन्त्रको ढोल बजन थाले। देशको अवस्था ठिक नभए पनि ब्यबस्था परिवर्तन गरियो तर वास्तवमा हालसम्म कुनैपनी दल र ब्यबस्थाले आमनागरिकको इच्छा, आकंक्षा र चाहनालाइ पुर्तीगर्न सकेको देखिएन। प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जस्ता तन्त्रहरू आएपनी आमजनताको अबस्थामा कुनै परिवर्तन आएन। गरीब, मजदुरको मसिहा भन्नेहरू पनि गरीब(मजदुरको ब्यथा बुझिदिएन्न। आमजनताको जीवन र देशको अबस्थामा कुनै परिवर्तन ल्याउन चाहेनन्। ब्यक्तिगत र दलगत स्वार्थमा लिप्त दलपतिहरूले आ(आफनो विकास गर्न त मज्जाले भ्याए तर देश र जनता ५०० वर्ष पछाडि धकेलियो। कागजका पानाहरूमा केहीरआंसिक उपलब्धी त देखियो तर त्यसकै जगमा हजारौं श्री ३ सरकारहरू जन्मे। भाषणमा उपलब्धि सिमित हुनपुग्यो तर आचरण, ब्यवहार, कार्यशैलीमा “रावण राज“ को स्थापना हुनपुग्यो। आज पनी आमजनतालाई गणतन्त्र कुन चराको नाम हो, थाहा छैन। आमजनतामा गणतन्त्र प्रतिको अनभिज्ञताले गणतन्त्रमाथी नै गम्भीर प्रश्न खडा गरेको छ। र, त्यसैले जतातते “संघीय लूटतान्त्रिक न्ल्तन्त्र नेपाल“ जिन्दावाद सुनिन थालिएको छ। बि. सं. २०६२र६३ मा तत्कालीन सात राजनीतिक दल र माओवादीको ठूलो प्रयास र प्रयोगले देशमा गणतन्त्र स्थापना भयो। गणतन्त्र स्थापना पछि देश आर्थिक समृद्धितर्फ दैडिनु पर्ने थियो। देश र जनताको अवस्था र ब्यथामा पनि आमूल परिवर्तन हुनुपर्ने थियो तर राजनीतिक दलको दलिय अडान, स्वार्थी सोंच र कुर्सीको फोहरी खेलको कारण आमजनताको इच्छा र आकंक्षाहरूलाई दृढता पुर्वक तिलान्जली दिइयो। सहिद को खुनमा रोटी भिजाइ पटकपटक केवल सत्ता र स्वार्थ सिद्ध गरिदै आईयो। आन्दोलनको उदेश्य र दलिय उदेश्यमा भएको असमानताले अहिले जनतामा निराशा र राजनीति प्रती बितृषना बढदै गैइरहेको छ। पंचायती ब्यबस्था र राजसंस्थालाई नेपाल र नेपालीको उन्नति र प्रगतिका अबरोधकको रूपमा परिभाषित गरेका दलहरूलाई पश्न सोध्ने बेला आएको जस्तो छ। के स्वतन्त्रता प्राप्त भयो ? के देशमा साच्चिकै गणतन्त्र आएको छ ? संघीयता र गणतन्त्रको उपलब्धि के त ?

देश र जनताको लागि लडदा लड्दै कतिले सहादत प्राप्त गरे, कति त अपांग भए र कति अहिलेपनि कारागारमा बन्द छन। तर गणतन्त्रका ठेकेदारहरू दलाल, आत्मसमर्पणवादी र लम्पसारवादी भएको भान भईरहेको छ। कुर्सी र पावरका लागि अंकगणितिय राजनीतिमा रमदै आएका छन। देश र जनताको पक्षमा काम त के गर्नु अहिलेसम्म केही सोच्नै सकेको छैन जस्तो लाग्छ। कुर्सी र पावरको बलमा को कति भ्रष्टाचार गर्ने र पचाउने होडबाजी नै गणतन्त्रको बिशेषता हो कि जस्तो आमजनताको बुझाइ भएको छ। वार्डदेखि सिंहदरबार सम्म केवल कमिसन र भ्रष्टाचारको कुरा हुन्छ। देशमा गणतन्त्र भन्दा पहिलोको ब्यबस्था निरंकुश, भ्रष्ट र बिकास बिरोधि भयो भनेर बिदेशीको साथ र समर्थनमा त्यो ब्यबस्थालाई फालियो। तर आज जनता जान्न चाहन्छनस लोकतन्त्रमा भ्रष्ट र भ्रष्टाचार किन ? लोकतान्त्रिक सरकारहरूको रबैया तानाशाहको जस्तो किन ? परिवर्तनकारी शक्ति नै बिकासको अबरोधक किन? लोकतन्त्रमा लोकतन्त्र नै खतरामा किन ? के भागबन्डा र कमिसन प्रतियोगिता कै लागि यो ब्यवस्था ल्याईएको हो ? गणतन्त्रमा समान्य नागरिक पनि रास्ट्रको प्रमुख अंगहरूमा पुग्न सक्छ तर ती समान्य ब्यक्तिमा देश र जनताप्रति कति प्रेम छ भन्ने कुरा आमनागरिकले देखिरहेका र भोगिरहेका छन। देशमा गणतन्त्र आएको एक दसक भन्दा बढि बितिसक्दा पनि देश र जनताले परिवर्तन महसुस गर्नसकेका छैनन्।

उही गरिब देश र जनता भुखा छन्। सडकमा हिलो र खेत सुख्खा छन्। साहु महाजनको बिगबिगी छ। गरिब अनपढ र बेरोजगार छन। के यो नै गणतन्त्रको उपलब्धि हो ? गणतन्त्रको ढोल बजाउनेहरू अहिले त झन निर्लज जस्तो देश संकटमा हुदा पनि आफ्नो कुर्सी बचाउ अभियानमा लागेर सम्पुर्ण नेपालीलाई लोकतान्त्रिक गणतन्त्र श्राप हो भन्ने संदेश दिइरहेका छन। गणतन्त्रमा राम राज्यको सपना देखाएकाहरू राबण जस्तो तान्ड्व गर्न थालीसकेका छन। जनतालाई ठगी इन्द्रजीत जस्तो घमण्ड गरिरहेका छन्। असमानताको बीउ छरेर मर्यादा पुरूषोत्तमको उपमा पाउने आशमा बाचिरहेको देखिन्छ। तर जनता त आखिर जनार्दन नै हो, सबै तन्त्रहरूको जननी।

समय मै जेतना भया !!

जय धर्म(निरपेक्ष संघीय लूटतान्त्रिक GUNतन्त्र !!

## धैर्यताको बाँध नटुटोस्, प्रधानमन्त्रीजी



**सूर्यदेव यादव**

सहौं -सहौं- सहौंबाबू, सहनै नसकेपनि, वेला सामुदायिक स्वराजको पर्ख, जिन्दगीमा हठी बनी-२

आज विश्व नै कोरोना भाइरस (कोभिड-१९) जस्तो डरलाग्दो महामारीबाट गुज्रिरहेको अवस्थामा नेपाल सरकारको अनुभूति हुन नसक्नु दुःखलाग्दो कुरा हो। यसरी हेर्दा, मधेशमा बसोवास गर्दै आइरहेका मधेशी जनताको तथ्याङ्ग, अवस्था, बलिदानी तथा संघर्ष नेपाल सरकारको मानसपटलमा ताजै हुनुपर्दछ। फेरि पनि यस्तो महामारीको बेला जनता रोगलेभन्दा भोकले मर्नु किन ? कारण के ? अहिले आफूभन्दा पनि आफ्नो छोराछोरीको जिउँमा वस्त्र नभएको, खुल्ला आकाशको सुताई र भोको पेटको अवस्था। यो दृष्य सरकारको सामुन्ने नै छ, जुन मानव जातिको लागि अभिशाप हो। यस परिस्थितिमा जनमत पार्टी सप्तरीको ध्यानाकर्षण भएको छ। स्मरणीय रहोस्, जनमत पार्टीको केन्द्रीय अध्यक्ष डा. सि.के. राउतज्यूद्वारा अहिले जनताको अवस्था र सरकारको रवैया हेरेर लकडाउनको समय अवधिभित्र □बाँचौं र बचाऔं उद्देश्यसहित देशवासीको नाममा तीनचोटी विभिन्न कार्यक्रममार्फत सम्बोधन गरिसक्नु भएको छ। जसमा १४ बुँदे सुझाव सहित सामाजिक सञ्जालमार्फत सरकारलाई ध्यानाकर्षण गराइसकेका छन्। अपितु सर्वप्रथम गरिबीको रेखामुनि बाँचिरहेका जनताको बैंक खाता अविलम्ब खोलाईयोस् भन्ने आग्रह समेत गरिएको छ, यसैमार्फत दीर्घकालिन रूपमा राहत जाओस्, जसमा भ्रष्टाचारको गन्ध रहन्न। परन्तु, राहतको नाममा सोझासाझा जनतालाई दुःख दिने, स्थानीयस्तरमा जनप्रतिनिधिहरूले तान्डव नृत्य देखाई भ्रष्टाचार गरेको तथ्य जिल्ला-जिल्लाको ठाउँ ठाउँमा भइरहेको झडपले पुष्टि गर्दछ, जुन घृणित कार्य हो, जसलाई जनमत पार्टी सप्तरीले घोर भर्त्सना गर्दछ। यसको प्रमाण सप्तरी जिल्लाको राजविराज न.पा., डाकनेशरी न.पा., सप्तकोशी न.पा., कञ्चनपुर रूपनगर न.पा., विषणुपुर न.पा. लगायत दर्जनौं........। यी र यस्ता घृणित कार्य मधेशको २२ वटै जिल्लामा भइरहेको अवस्था दिनहुँ सामाजिक सञ्चालमार्फत देख्न, पढ्न सकिन्छ। यद्यपि सर्बहारा मुक्तिको दुहाई दिने सरकार, निरोको शैलीमा बालुवाटारभित्र बाँसुरी बजाइरहेको दृष्य स्पष्ट छन्। अहिलेको यस्तो परिस्थितिमा जनमत पार्टीको अनुरोधलाई गम्भीरताका साथ लिई यथाशिघ्र राज्यले समाधान गर्ने प्रयास गरियोस्, होइन भने, मरता क्या नहीं करता। यस्तै अवस्था रहिरहे, जनमत पार्टी केन्द्रीय आह्वानमा हामी अगाडि बढ्नेछौं र जनतालाई बचाइ छाड्नेछौं, किनकि, सार्वभौमसत्ता जनतामा निहित रहेको छ, जनता नै सर्वशक्तिमान हुन्। पथ देखो, पथिक नहीं।

जय स्वराज, जय जनमत, जय मधेश

(यादव, जनमत पार्टीका केन्द्रीय सञ्चार प्रमुख तथा सप्तरी जिल्ला ईन्चार्ज हुन्।)

# एकता वैचारिक र सैद्धान्तिक नै हो

ाम्रो दीर्घकालीन हो भन्नेमा कुनै शंका छैन । किनभने उत्पीडन र विभेदमा परेका जनता, उपेक्षित समुदाय, अल्पसंख्यकहरूले जुन प्रकारले चाहना राखेका थिए त्यो पूरा गर्छौं । सबै जनताको चाहना थियो कि दुवै पार्टीबीच एकता भइहालोस् । चाँडोभन्दा चाँडो एकता होस् भन्ने आवाज थियो, त्यसै आधारमा हामीले यो एकता प्रक्रियालाई टुंग्याएका हौं ।



**महेन्द्र राय यादव**

**नेता, जनता समाजवादी पार्टी नेपाल**

**० राजपा नेपाल र समाजवादी पार्टीबीच रातारात हतार-हतारमा एकीकरण गर्नुको कारण के थियो ?**

– राजपा नेपाल र समाजवादीबीच एकताका लागि विगत ९-१० महिनादेखि नै कुरा चलिरहेको थियो । धेरै कुराहरू हाम्रो मिलिसकेको थियो र केही कुराहरू मात्र मिल्न बाँकी थियो । यसैबीचमा राष्ट्रियसभाको चुनाव, उपनिर्वाचन भयो । त्यसमा पनि हाम्रो समय लाग्यो । दुवै चुनावका कारण हामीलाई समय पुगेन । चुनावपछि हामी फेरि बसौं भन्ने सरसल्लाह भएको थियो । हाम्रो छलफल चलिरहेकै बेला कोरोना महामारीले गर्दा मुलुक लकडाउनमा गयो । लकडाउन घोषणा भइसकेपछि स्वाभाविकरूपमा त्यसलाई पालना गर्नुपर्ने, जनतालाई राहत दिनुपर्ने र कोरोनाबाट जनतालाई बचाउनेतिर लाग्यौं । जसले गर्दा हाम्रो एकता प्रक्रिया रोकियो । एकताका लागि हाम्रो सबै कुरा मिलेकै थियो, एकता गर्ने दुवै पार्टीको सहमति थियो, निर्णय पनि भइसकेको थियो र त्यसलाई कार्यान्वयन गर्ने कुरा मात्र बाँकी थियो । अस्ति सरकारले जुन अध्यादेश ल्यायो र त्यसमा के भनियो भने राजपा र समाजवादी विभाजन हुन्छ । यसरी देशका प्रधानमन्त्री र सरकारले यस्तो अध्यादेश ल्याउँदा सबै दलहरूको ध्यानाकर्षण भयो । सबैले विरोध गरे र फिर्ताको माग गरे । सरकारले ल्याएको अध्यादेशमा प्रधानमन्त्रीले दुवै पार्टीको नामै इंगित गरेको कारणले हामी एकता घोषणा गर्ने निष्कर्षमा पुग्यौं । सरकारलाई हामीले जवाफ दिनुपर्छ भनेर दुवै पार्टीबीच एकताको घोषणा गर्‍यौं । हामीले सरकारलाई भन्यौं कि राजपा र समाजवादी फुट्ने स्थिति छैन । सरकारले गलत मन्सायले अध्यादेश ल्याएको थियो । राजनीतिक स्थिरताको अवस्थामा देशलाई अस्थिरतातर्फ लाने, अधिनायकवाद लाद्न खोज्ने, देशलाई एकलौटीरूपमा कब्जा गर्ने सोचका साथ अध्यादेश आएको थियो ।

**० यदि सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश नल्याएको भए राजपा र समाजवादीबीच एकता हुने अवस्था थिएन ?**

– अहिले कोरोना महामारीको अवस्थामा यस्ता खालका अध्यादेशहरू ल्याउनुपर्ने आवश्यकता नै थिएन । सरकारले अहिलेको अवस्थामा जनतालाई कोरोनाबाट कसरी बचाउने, अहिले स्वास्थ्य सामग्रीहरूको अभाव छ । यस्तो अवस्था हुँदाहुँदै संवैधानिक निकायहरूमा नियुक्ति र पार्टी फोड्ने नै उहाँको उद्देश्य थियो । त्यसबाट सचेत हुन र सरकारलाई जवाफ दिनका लागि हामीले एकता गर्‍यौं । सरकारले हताहतमा जुन अध्यादेश ल्यायो त्यो गलत थियो, बदनियतपूर्ण थियो ।

**० सरकारलाई देखाउनुभन्दा पनि राजपा र समाजवादी फुट्ने डर पनि त थियो नि ?**

– त्यो अध्यादेशले गर्दा राजपा र समाजवादी फुट्ने कुरामा कुनै सत्यता थिएन, बाहिरी हल्ला मात्रै थियो । राजपा वा समाजवादी फुट्ने कुनै सम्भावना नै थिएन । प्रधानमन्त्रीले आफ्नो पद जोगाउनका लागि र हाम्रो पार्टी फुटाउन चलखेल गर्नका लागि अध्यादेश ल्याएका थिए । हामीले त्यो अध्यादेश जसरी पनि फिर्ता गराउन र सरकारलाई जवाफ दिनका लागि एक भयौं ।

**० सहमतिपत्रमा राजपा अध्यक्षमण्डलको दुई जना नेताको हस्ताक्षर वा उपस्थिति पनि छैन । उहाँहरू असन्तुष्ट हुनुहुन्छ ?**

– उहाँहरू (अनिल झा र राजकिशोर यादव)लाई हामीले जानकारी गरायौं कि समाजवादीसँग एकताका लागि बैठक छ । उहाँहरू आउन सक्नुभएन । उहाँहरू नआउँदा पनि सहमति छ । एकताका लागि सर्वसम्मत निर्णय हो । यो निर्णयलाई सबैले पालन गर्नुहुन्छ भन्ने विश्वास छ । उहाँहरू कुनै असन्तुष्टि छैन ।

**० राजनीति र सैद्धान्तिक मतभेदहरू मिल्यो त ?**

– अहिलेसम्म हामीले सहमतिका आधारमा एकता घोषणा गर्‍यौं । हामीबीच समान हैसियतमा समानताको आधारमा सबै कुरा टुंग्याउने सहमति पहिले नै गरिसकेका हौं । लकडाउन खुलिसकेपछि त्यो प्रक्रियालाई हामी अगाडि बढाउँछौं ।

**० कुन-कुन मुद्दामा असहमतिहरू थियो ?**

– सैद्धान्तिक आधारमा हाम्रा सबै मुद्दाहरू मिलेकै हो । हामीले सँगै आन्दोलन लड्यौं, चुनाव लड्यौं । वैचारिक वा सैद्धान्तिक कुनै समस्या छैन । यदि कुनै समस्या आउँछ भने हामी बसेर छलफल गरेर टुंग्याउँछौं ।

**० पदको व्यवस्थापन कसरी हुन्छ ?**

– पदको व्यवस्थापन पनि भइहाल्छ । विगतमा ६ वटा पार्टी मिलाएर राजपा बनायौं, ६ जना अध्यक्षले पार्टी चलायौं । महाधिवेशनका लागि हामीले विधान पनि बनाएका थियौं । त्यो विधानमा हामीले एकल अध्यक्षीय प्रणालीमा जाने पनि सहमति गरिसकेका थियौं । यो बीचमा राजपा र समाजवादीबीच एकता हुने सम्भावना बढ्दै जाँदा हामीले संयुक्त महाधिवेशन गर्ने हिसावले हामी एकतामै जोड दियौं । अब एकता भइसकेको अवस्थामा हामीले विधान बनाउँछौं र संयुक्त महाधिवेशन गरेर पार्टी अगाडि बढ्छ ।

**० अब तपाईंहरूलाई हाइसन्चो भएको छ । राजपा गठनको चार वर्षसम्म पनि महाधिवेशन गर्न सक्नुभएन । नयाँ पार्टी गठन भइसकेको अवस्था फेरि यस्तै चल्ने होला नि ?**

– हैन, त्यस्तो अब चल्दैन । किनभने विगतका कुराबाट हामीले धेरै कुरा बुझ्यौं । हामीले अब ठहर गर्‍यौं कि एकल नेतृत्वमा जाने हो । यो एकीकरणको सबै प्रक्रिया टुंगिसकेपछि महाधिवेशनका लागि एउटा निश्चित समय तोक्छौं र समयमा नै महाधिवेशन हुन्छ ।

**० यो एकता दीर्घकालीन हुन्छ भन्नेमा कसरी विश्वास गर्न सकिन्छ ?**

– हाम्रो दीर्घकालीन हो भन्नेमा कुनै शंका छैन । किनभने उत्पीडन र विभेदमा परेका जनता, उपेक्षित समुदाय, अल्पसंख्यकहरूले जुन प्रकारले चाहना राखेका थिए त्यो पूरा गर्छौं । सबै जनताको चाहना थियो कि दुवै पार्टीबीच एकता भइहालोस् । चाँडोभन्दा चाँडो एकता होस् भन्ने आवाज थियो, त्यसै आधारमा हामीले यो एकता प्रक्रियालाई टुंग्याएका हौं ।

**० यो एकताले नेपालमा वैकल्पिक शक्ति निर्माण भयो ?**

– यो एकताले निश्चितरूपमा नेपालमा वैकल्पिक शक्तिको निर्माण भएको हो । संघीय संसदमा अहिले हाम्रो उपस्थिति ३७ पुगेको छ । त्यसकारणले यो एकताले जनतामा एउटा उत्साह हुने, जनताको हिम्मत बढ्ने, जनतामा विश्वास बढ्छ । यो देशमा एउटा वैकल्पिक शक्तिको आवश्यता थियो । किनभने कांग्रेस र कम्युनिष्टले पहिचान र अधिकार मुद्दा छोडे । पहिचानवादी र अधिकारवादी मुद्दा बोक्ने दुवै पार्टीबीच एकीकरण भइसकेपछि नेपालको राष्ट्रिय राजनीतिमा वैकल्पिक शक्तिको रूपमा आउँछ । अपूर्ण संविधानलाई पूर्णता दिलाउने जनताको चाहना हो । पहाड, हिमाल र मधेशमा बस्ने जनताको आवश्यकता पूरा गर्नका लागि वैकल्पिक, सुदृढ र संकल्पित शक्ति निर्माणका लागि हामी अगाडि बढ्छौं ।

**० अब तपाईंहरू मधेशकेन्द्रित दलका नेताबाट पूर्णरूपमा राष्ट्रिय दलका नेता भइसक्नुभयो ?**

– हामी त हिजो पनि राष्ट्रिय दल नै थियौं । हामीले उठाएका सम्पूर्ण मुद्दा राष्ट्रिय हो । संघीयता, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता, संघीय लोकतान्त्रिक गणतन्त्रलाई रक्षा गर्नका लागि पनि वैकल्पिक शक्तिको आवश्यकता थियो । राजनीतिक स्थिरताका विगतमा धेरै सम्झौता र सहमतिहरू भएका छन् । नेपालमा सरकारबाट नै राजनीतिक अस्थिरता निम्त्याउन खोजिएको हो । आन्दोलनबाट प्राप्त उपलब्धिहरू गुमाउन खोजिएको हो । यस्तो अवस्थामा यो पार्टीको एकदम आवश्यकता थियो र समयमै एकताको घोषणा भएको हो । यो एकता पहिला नै हुनुपर्ने थियो, अलि ढिलो भयो ।

**० तपाईंहरूले उठाउँदै आएको मुद्दाहरू अब कसरी अगाडि बढ्छ ?**

– मुद्दामा आधारित नै दुवै पार्टी रहेका थिए । हाम्रो माग र मुद्दा एउटै रहेको, आन्दोलनहरू सँगै गरेको नाताले पनि यो यो एकता आवश्यक थियो । अब फुटेर होइन जुटेर जाने परिस्थिति बनेको छ । जब यो देशमा दुई कम्युनिष्ट पार्टी एक हुनसक्छ भने मधेशवादी दलबीच किन एकता हुँदैन ? हामीले विगतदेखि उठाउँदै आएका मुद्दाहरूलाई नै लिएर अगाडि बढ्छौं । लकडाउन खुलिसकेपछि हामी आफ्ना माग र मुद्दालाई व्यवस्थित गरेर अगाडि बढाउँछौं ।

**० ती मुद्दाहरू पूरा गराउन सडकमा आन्दोलन गर्ने कि संसदमा ?**

– हामीले पहिलादेखि नै सडकदेखि सदनसम्म संघर्ष गर्दै आएका छौं । हामीले अस्ति नेपाली कांग्रेससँग पनि वार्ता गरेका छौं । सरकारबाहिर रहेका सबै दल मिली एउटा वृहत मोर्चा बनाउने गृहकार्यमा लागेका छौं । सबैलाई समेट्ने हिसावले एउटा वृहत मोर्चा बनाउने र लोकतन्त्र रक्षाका लागि संघर्ष गर्छौं । हाम्रो आन्दोलन अहिंसात्मक नै रहन्छ ।

# अध्यादेश प्रकरणमा राष्ट्रपति पनि चुक्नुभयो

राष्ट्रपति विद्यादेवी भण्डारीले फेरि पनि एकचोटि जनतालाई निराश बनाउनुभएको छ । उहाँ प्रधानमन्त्रीको आदेश पालक हो अथवा यो देशको अभिभावक हो ? प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को बैठक बस्यो, अध्यादेश मन्त्रिपरिषद्ले निर्णय गरेर राष्ट्रपति कहाँ पठायो । त्यो पठाएको १०-१५ मिनेटमै यस्तो गम्भीर राजनीतिक प्रस्ताव स्वीकृत गरिदिनुभयो ।



**शरदराज पाठक**

**सहप्रवक्ता, साझा पार्टी**

**० राजनीतिक दल र संवैधानिक परिषद्सम्बन्धी सरकारले ल्याएको अध्यादेशको तपाईंहरूले विरोध गरिरहनु भएको छ । किन ?**

– कुनै पनि महत्वपूर्ण अर्थ राख्ने राजनीतिक निर्णयहरूको समय, सन्दर्भ र औचित्य हेर्नुपर्ने हुन्छ । अहिलेको समय भनेको विश्वव्यापीरूपमा कोरोना महामारीले सबैतिर ध्वस्त बनाएको छ, नेपाल पनि आक्रान्त छ । राज्यले लगातार यो संक्रमणबाट जोगाउन लाग्नुपर्ने यो बेला हो । अभूतपूर्व राष्ट्रिय एकता प्रदर्शन गरेर आमजनमानसलाई विश्वास दिलाउनुपर्ने बेला हो र त्यहींअनुसार काम गर्नुपर्ने हो । कोरोना संक्रमण रोकथामबाहेक अन्य कुनै पनि कुरामा ध्यान लगाउनुपर्ने बेला नै होइन । तर, प्रधानमन्त्री केपी शर्मा ओली सन्दर्भ कुनै छैन, तापनि राजनीतिक दल र संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउनुभयो । ती अध्यादेशहरू किन ल्याउनुभयो, अहिले त्यसको के औचित्य थियो भन्ने सन्दर्भमा पनि स्पष्ट पार्न सक्नुभएको छैन । उहाँले हाम्रो पार्टीको लागि होइन, अर्को पार्टीको लागि हो भन्नुभएको छ । तर यो समय पनि बिल्कुल गलत छ र औचित्य पनि छैन । गत निर्वाचनमा नेकपाले त्यत्रो ठूलो मत ल्याएर प्रधानमन्त्री केपी शर्मा ओलीले त्यसको नेतृत्व गरिरहनुभएको छ, उहाँमा अधिनायकवादी सोचको विकास भएर गएको छ । यसले उहाँलाई तत्कालका लागि त फाइदा गर्ला तर, यसले लोकतन्त्रलाई नै बाँकी राख्दैन भन्ने साझा पार्टीको ठहर छ । यसले लोकतन्त्र र देशलाई ठूलो घाटा पुर्‍याउँछ र अनिष्टकारी कदम नै हो ।

**० तत्कालका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई कसरी फाइदा पुर्‍याउँछ त ?**

– नेकपाभित्र पछिल्लो केही दिनदेखि विभिन्न किचलोहरू देखा परिरहेका छन् । हामीले बाहिरबाट हेर्दा नेकपाभित्र समीकरणहरू बदलिरहेका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले जसरी एकपछि अर्को अलोकप्रिय कार्यहरू गर्दै आइरहेको थियो, दुई तिहाइको सरकारले जुन-जुन बाचाहरू गरेको थियो त्यो डेलिभर गर्न सकिरहेको छैन । सरकार एकपछि अर्को भ्रष्टाचारको काण्डमा मुछिरह्यो र सरकारको प्राथमिकतामा जनता र राष्ट्रको हितभन्दा पनि प्रधानमन्त्री निकटका केही मन्त्रीहरूले यो सरकारलाई बदनाम गराउन खोजे । यसले प्रधानमन्त्रीलाई जनमानसमा एक प्रकारले अलोकप्रिय बनाउँदै लग्यो । नेकपाभित्र पनि उहाँको अलोकप्रियता बढ्दै गयो । प्रधानमन्त्री निकट र माओवादी खेमाका नेताहरूमा पनि ठूलो असन्तुष्टिहरू देखिन थाल्यो । हामीले सुनेअनुसार सरकारका नेतृत्व नै परिवर्तन गर्ने खालका छलफलहरू नेकपामा अगाडि बढ्यो । प्रधानमन्त्री ओलीलाई सत्ताबाट बाहिर आउन सक्नुपर्ने अवस्था आउन थाल्यो भन्ने हिसावले उहाँले कसैगरी आफूलाई सत्तामा टिकाइराख्न, आफूलाई बलियो बनाइराख्नका लागि यो कदम चाल्नुभएको हो ।

**० भनेपछि तत्कालीन नेकपा र माओवादीको एकीकरणका बेला दुवै पार्टीका अध्यक्षबीच आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिका कारण प्रधानमन्त्री ओलीले आफूलाई सत्तामा टिकाइराख्न यस्तो निर्णय गर्नुभएको हो ?**

– दुवै पार्टीका अध्यक्षबीच आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिका कारण प्रधानमन्त्री ओलीले आफूलाई सत्तामा टिकाइराख्न यस्तो निर्णय गर्नुभएको हो भनेर ठ्याक्कै त भन्न सकिदैन । हाम्रो प्राथमिक चासोको विषयमा यो कुराभन्दा पनि समग्र देश र जनतालाई घाटा पुर्‍याउने काम गर्नु हुँदैन । यसले जनताको भावनामाथि अन्याय हुन्छ, देशको भविष्यमाथि ठूलो कुठाराघात हुन्छ । यदि उहाँहरूबीच आलोपालो गर्ने सहमति भएको थियो भने पार्टीभित्रै सल्ट्याउनु पर्छ । यो सरकारलाई जनताले अभूतपूर्व विश्वास दिएको हो । स्थिर सरकार मुलुकलाई चाहिएको थियो, विगतमा अस्थिर सरकारका कारण नेपालले राजनीतिकरूपमा धेरै अस्थिरता भोग्यो । त्यसको प्रभाव समग्ररूपमा अर्थतन्त्र र राजनीतिमा नै पर्‍यो । देश कोरोना महामारीको संकट खेपिरहेको बेलामा स्वास्थ्य सामग्री खरिदमा पनि ठूलठूला भ्रष्टाचारहरू छन् । यस्ता अनियमितताका बारेमा उहाँकै पार्टीभित्र आवाजहरू उठ्न थाल्यो र नेतृत्व परिवर्तन नगरिकन राष्ट्र र जनताको पक्षमा काम हुन सक्दैन भन्ने कुराहरू पनि आयो ।

**० यी दुइटा अध्यादेश समयसापेक्ष थिएन कि ल्याउनु नै गलत हो ?**

– दलहरूबीचको टुटफुट रोक्ने, संवैधानिक अंगहरूमाथि हस्तक्षेप नगर्ने लगायतका बाचाहरू र व्यवस्थाहरू संविधानमा जसरी राखियो, अहिले आएर प्रधानमन्त्रीले सम्पूर्ण शक्ति आफूमा राख्ने प्रयास गर्नु देशका लागि ठूलो धोका हो । हामीले साझा पार्टीको तर्फबाट भनेका छौं कि यो एकदमै अनिष्टकारी कदम हो । पार्टी विभाजनको प्रावधानले आउने दिनमा नेपाली राजनीतिमा पूरानै प्रवृत्ति देखिन्छ । सत्ताका लागि जे पनि गर्ने, पार्टी फोड्ने, अर्काको दललाई फुटाउन प्रयास गर्ने लगायतका राजनीतिमा जुन विकृत्तिहरू थियो, त्यसलाई फेरि पुनरावृत्त गर्छ । त्यस्ता फोहोरी खेल खेल्ने यो समय थिएन । यो समय त लोकतन्त्रलाई सम्मुनत गर्ने, सुदृढ गर्ने समय थियो । संवैधानिक निकायहरूबारेमा जुन अध्यादेश ल्याइयो, यसले संवैधानिक मर्ममा नै ठूलो प्रहार गरेको छ । यी सबैलाई हामीले प्रतिवाद गरेनौं भने संवैधानिक मान्यताहरूलाई खल्बल्याउँछ । संविधानले मनपरि गर्ने छुट त कसैलाई दिएको छैन नि । संवैधानिक निकायमा आफू मनपरि व्यक्ति होइन, विज्ञ हुनुपर्‍यो, त्यो अनुसारको ओज बोकेको व्यक्ति लिएर जानुपर्‍यो । तर, पछिल्लो समयमा दलीय आस्थाका आधारमा आफ्ना दलका पिछ्लग्गुहरूलाई अख्तियार जस्तो संस्थामा, अन्य निकायहरूमा नियुक्त गरियो । यसले प्रधानमन्त्री ओलीको महत्वकांक्षालाई झन् उजागर गरिदिएको छ । यो एकदमै ऐतिहासिक भूल हुनेछ, मुलुकलाई उल्टो बाटो लिएर जान्छ । त्यसैले यो निर्णय सच्चिनुपर्छ ।

**० राष्ट्रपति विद्यादेवी भण्डारीको भूमिकामाथिपनि प्रश्नचिन्ह खडा गरेको हो ?**

– राष्ट्रपति विद्यादेवी भण्डारीले फेरि पनि एकचोटि जनतालाई निराश बनाउनुभएको छ । उहाँ प्रधानमन्त्रीको आदेश पालक हो अथवा यो देशको अभिभावक हो ? प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को बैठक बस्यो, अध्यादेश मन्त्रिपरिषद्ले निर्णय गरेर राष्ट्रपति कहाँ पठायो । त्यो पठाएको १०-१५ मिनेटमै यस्तो गम्भीर राजनीतिक प्रस्ताव स्वीकृत गरिदिनुभयो । देशको अभिभावकको भूमिकामा रहनुभएको राष्ट्रपतिले यसको दूरगामी असर के हुन्छ, राजनीतिक र संवैधानिक असर के हुन्छ, यो उपयुक्त बेला हो कि होइन, समय, सन्दर्भ र औचित्य के हो भनेर परामर्श लिएर उपयुक्त निर्णय गर्नुपर्ने बेलामा जसरी हठात् ल्याप्चो लगाएर सदर गर्ने काम गर्नुभएको छ । यसमा राष्ट्रपति गम्भीररूपमा चुक्नुभएको छ । सबै कुरालाई मनन् गरेर राष्ट्रपतिले यो अध्यादेशलाई खारेज गर्नुभयो भने सबैभन्दा राम्रो हुनेछ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# बहुराष्ट्रिय राज्य के हो ?



सुशील गौतम

समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टीबिच वैशाख १० गते राति एकीकरण भएर 'जनता समाजवादी पार्टी नेपाल' नामको पार्टी बने लगत्तै बहुराष्ट्रिय राज्यको चर्चा बढेको छ।

दुई पार्टी एकीकरण हुनु सकारात्मक भए पनि पार्टी एकीकरण हुँदा गरिएको सहमति पत्रमा बहुराष्ट्रिय राज्यलाई वकालत गरिनुले नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतामाथि कालो बादल मडारिएको संकेत गरेको छ।

कुरा जनता समाजवादीको मात्रै होइन।२०५२ सालमा माओवादी द्वन्द्व अगाडी नै पुष्पकमल दाहाल 'प्रचण्ड' ले बहुराष्ट्रियताको रणनीति लिएका थिए। पछि त्यो जातीय राज्यको रूपमा मुखारित भयो।

माओवादी छोडेर नेता बाबुराम भट्टराईले खोलेको नयाँ शक्ति र मधेशी जनअधिकार फोरमबिच गत वर्ष पार्टी एकता भएर 'समाजवादी पार्टी नेपाल' खोल्दा 'बहुराष्ट्रियता' शब्दले चर्चा पाएको थियो। उक्त समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी एकीकरण हुँदा प्रष्ट रूपमा 'बहुराष्ट्रिय राज्य' उल्लेख भएको छ।

के हो बहुराष्ट्रिय राज्य?

बहुराष्ट्रिय राज्य बुझ्नु अगाडी राष्ट्र राज्य सिद्धान्त के हो भनेर बुझ्नु जरूरी हुन्छ। जाति, प्रजाति, धार्मिक सम्प्रदाय, भाषिक समुदाय, सांस्कृतिक तथा क्षेत्रीय पहिचानलाई 'राष्ट्र' मान्ने र उक्त राष्ट्रियताको आधारमा 'राज्य' निर्माण गरिनु राष्ट्रराज्य सिद्धान्त हो। यो सिद्धान्तमा जन्मसँगै प्राप्त हुने विशेषतालाई 'राष्ट्रियता' को मान्यता दिँदै 'राष्ट्र' पूर्ववर्ती र 'राज्य' परवर्ती मानिन्छ।

यो सिद्धान्तले स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्तासम्पन्न देशको भू(राजनीतिक वैधानिक अस्तित्वलाई राष्ट्र एवं राष्ट्रियताको प्राथमिक तत्व नमानी जन्मसँगै प्राप्त हुने कुनै पनि विशेषतालाई राष्ट्र एवं राष्ट्रियताको प्राथमिक तत्व मान्नेगर्छ। एकै स्थानमा रहेका फरक भाषा, धार्मिक सम्प्रदाय, जाति, प्रजाति आदि विविधतालाई राष्ट्रियताको मान्यता पाउने हुँदा ढिलो चाँडो उपयुक्त अवसर प्राप्त गर्नासाथ फरक 'राष्ट्रियता' बोकेकाहरू फरक राज्य निर्माण गर्छन्।

युरोपमा सन् १६१८ देखि १६४८ सम्म चलेको क्याथोलिक इसाई र प्रोटेस्टेण्ट इसाई बीचको ३० वर्षे युद्धलाई टुङ्ग्याउन गरिएको सन् १६४८ को वेस्टफ्यालियाको सन्धिले राष्ट्रराज्य सिद्धान्तको आधारमा राज्यहरूको निर्माण गर्न मार्ग प्रशस्त गरेको थियो। दुई इसाई पन्थ बीचको ध्वंसात्मक युद्धलाई विराम दिन गरिएको उक्त सन्धिको प्रभाव धार्मिक सम्प्रदायलाई राष्ट्रियताको आधार बनाएर राज्य निर्माणमा मात्र सिमित नरही जाति, प्रजाति, भाषिक समुदाय, सांस्कृतिक एवं क्षेत्रिय पहिचानको आधारमा पनि राज्य निर्माण गर्न पाउने बाटो खोल्यो। फलस्वरूप फ्रेन्च बोल्नेको लागि फ्रान्स राज्य। जर्मन बोल्नेको लागि जर्मनी राज्यको निर्माण भएको थियो।

राष्ट्रराज्य सिद्धान्तको आधार नै जन्मसिद्ध प्राप्त भाषा, जाति, प्रजाति, सम्प्रदाय आदिलाई मानिने हुँदा फरक भाषा, जाति, प्रजाति, सम्प्रदायबिच घृणा, विभाजन र प्रतिस्पर्धा रहेको हुन्छ। यो सिद्धान्त अन्तर्गत बनेको राज्यमा जुन राष्ट्रियता (जुन भाषा, सम्प्रदाय, जाति, प्रजाति) मा टेकेर राज्य निर्माण भएको हो, केवल त्यहीँ मात्र राष्ट्रियता (भाषा, सम्प्रदाय, जाति, प्रजाति) छ भने आदर्श अवस्था रह्यो। यदि उक्त राज्यमा कुनै दुई वटा फरक भाषा, जाति, प्रजाति, सम्प्रदाय रहेको खण्डमा द्वीराष्ट्रिय राज्य र दुई भन्दा बढी फरक भाषा, जाति, प्रजाति, सम्प्रदाय रहेको खण्डमा बहुराष्ट्रिय राज्य भनिन्छ।

बेलायती साम्राज्यको रूपमा रहेको तत्कालिन इन्डियामा राष्ट्रराज्य सिद्धान्तको प्रभावमा 'मुस्लिम नेता' मोहम्मद अली जिन्हा र 'हिन्दु नेता' विनायक दामोदर सावारकरले तत्कालिन इन्डियालाई 'द्वीराष्ट्रिय राज्य' माने। अर्थात इन्डियाको राज्य एउटै भएता पनि हिन्दु र मुस्लिम दुई वटा राष्ट्र भएको स्वीकार गरेका थिए।

घृणा र विभाजन अन्तर्यमा बोकेको सिद्धान्तको पछि लाग्दा इण्डिया टुक्रियो। हिन्दु राष्ट्रियताको वकालत गर्नेले हिन्दुस्थान राज्य र मुस्लिम राष्ट्रियताको लागि पाकिस्तान राज्य बनाउने संघर्षको परिणाम तत्कालिन इन्डियाको विखण्डन भयो सन् १४ अगस्ट १९४७ मा। यो क्रममा करिव दश लाख मानिस मारिए। धार्मिक सम्प्रदायलाई राष्ट्रियताको आधार बनाएर निर्माण भएको पाकिस्तान राज्य सन् १९७१ मा भाषिक समुदायलाई राष्ट्रियताको आधार बनाएर फेरि टुक्रियो र बंगलादेश नाम गरेको राज्य बन्यो। यो क्रममा ३ देखि ५ लाख मानिस मारिए।

पाकिस्तानमा गिल्गिटस्तान र बलोचिस्तानको माग राखेर पृथकतावादी गतिविधि भइरहेको छ भने बंगलादेशमा विखण्डनकारी शक्ति बंगसेना सक्रिय भइसकेको छ।

सन् १९४७ मा एकपटक विभाजन भोगिसकेको तत्कालिन इन्डियाले राष्ट्रराज्य सिद्धान्तको आधारमा बनेको द्वीराष्ट्रिय राज्य मापदण्ड समयमै त्यागेको कारण जोगियो नत्र हैदरावाद, खालिस्तान, कश्मिर, नागाल्याण्ड विखण्डनको लागि तम्तयार भएर बसेका थिए।

राष्ट्रराज्य सिद्धान्त अन्तर्गत दुई भन्दा बढी राष्ट्रियता (भाषा, जाति, प्रजाति, सम्प्रदाय) रहेको राज्यलाई बहुराष्ट्रिय राज्य मानिन्छ। सन् १८८९ सम्म अस्तित्वमा रहेको विशाल युगोस्लाभियामा क्रोट्स, सर्व, मेसेडोनियन, मोण्टिनेग्रेन, स्लोभेन, स्लोभाक र मुस्लिम जस्ता जाति, प्रजाति तथा सम्प्रदाय थिए। युगोस्लाभियालाई बहुराष्ट्रिय राज्य मानिएको थियो अर्थात फरक फरक राष्ट्रियताहरू युगोस्लाभिया नाम गरेको राज्यमा थिए।

फरक फरक राष्ट्रियताबिच घृणा, विभाजन र प्रतिस्पर्धा रहे पनि तत्कालिन शैन्य शासक जोसेफ ब्रूज टिटोको शैन्य दबदबाको कारण बाध्य भएर एकत्रित रहेका थिए। जसै उनको मृत्यु भयो। फरक फरक राष्ट्रियताबीच द्वन्द्व सुरू भयो फलस्वरूप अहिले क्रोएसिया, स्लोभेनिया, स्लोभाकिया, मोण्टिनेग्रो, अल्बानिया, मेसेडोनिया जस्ता फरक फरक राष्ट्रराज्यमा विभाजित भए। सन् २००८ मा मुस्लिम राष्ट्रियताको आधारमा कोसोभो नाम गरेको राज्य निर्माण भयो ।

समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएर बनेको जनता समाजवादी पार्टीको सहमति पत्रमा नेपाललाई 'बहुराष्ट्रिय राज्य' मान्यता अन्तर्गत हिंडाउने उल्लेख गर्नु भनेको सन् १६४८ को वेस्टफ्यालिया सन्धिमा उभिएको राष्ट्रराज्य सिद्धान्तको जगमा बनेको बहुराष्ट्रिय राज्य अवधारणाको चस्माबाट नेपाललाई हेरिनु हो। युरोपमै असान्दर्भिक एवं गतार्थ भैसकेको अवधारणा नेपालमा लाद्न खोज्नुको पछाडि कुनै विदेशी विधर्मीको नियोजित स्वार्थ नरहेको होला भन्न सकिन्न।

जाति, प्रजाति, भाषिक समुदाय र धार्मिक सम्प्रदायलाई राष्ट्रियताको मानक मानेर नेपाललाई बहुराष्ट्रिय राज्यको रूपमा परिभाषित गर्नु भनेको कहिले नटुङ्गिने घृणा, विभाजन र द्वन्द्वको वकालत गर्नु हो। नेपालमा १२९ वटा भाषिक समूह छन्। १२५ वटा जातजाति छन् । आठ वटा भन्दा बढी धार्मिक सम्प्रदाय छन् । तत्कालिन युरोपेली राष्ट्रराज्य सिद्धान्तको चस्मा लगाएर यी विविधतालाई राष्ट्रियता मान्ने हो भने नेपालमा १२९ वटा राज्य त भाषाको आधारमा बन्ने, १२५ वटा राज्य जातजातिको आधारमा बन्ने र आठ वटा भन्दा बढी राज्य धार्मिक सम्प्रदायको आधारमा बन्न मार्ग प्रशस्त हुनेछ। त्यति मात्र होइन, तत्कालिन इण्डिया विभाजन भएर सम्प्रदायको आधारमा पाकिस्तान बनेपछि पनि भाषाको आधारमा बंगलादेश हुँदै फेरि गिलिगटस्तान, बलोचिस्तान बनेजस्तै नेपालमा रहेका भाषिक, जातीय र धार्मिक सम्प्रदाय फरक फरक राष्ट्रियता भन्दै कहिले नटुङ्गिने घृणा, विभाजन र द्वन्द्वको दलदलमा फसाउने निश्चित छ।

राष्ट्रराज्य सिद्धान्तको जगमा बनेको द्वीराष्ट्रियताको वकालत गर्दै सिके राउतले मधेशलाई छुट्टै राष्ट्र, पहाडलाई छुट्टै राष्ट्र भन्दै विखण्डनकारी गतिविधि गरेको धेरै भएको छैन। जातीय राज्यको नारा उचालेका बाबुराम भट्टराई र उपेन्द्र यादवले अहिले स्पष्ट शब्दमा 'बहुराष्ट्रिय राज्य' भन्नु नेपालमा ढिलो चाँडो थप विखण्डकारी गतिविधि भित्र्याउने संकेत हो।

सुरूवाती चरणमा लिम्बुवान, खुम्बुवान, तमुवान, ताम्सालिङ, नेवा, खसान, मधेश, कोचिला, थरूहट, डोटेली, किराँत, मिथिला, भोजपुरा आदि नामले गरिएको मानसिक कित्ताकाट पछि विखण्डनमा लगेर टुङ्ग्याउन बहुराष्ट्रिय राज्यलाई साधन बनाएर ल्याइएको बुझ्न कठिन छैन।

समाधान के हो त ?

युरोपमा तत्कालिन परिस्थितिमा ल्याइएको राष्ट्रराज्य सिद्धान्त केही सिमित ठाउँमा बाहेक अन्यत्र पनि लागू हुने अवस्था थिएन। जुडो क्रिश्चियन सभ्यताका उत्तराधिकारी जातीय, भाषिक, साम्प्रदायिक विविधतालाई वैभिन्यता देख्ने र एकआपसमा अन्तरघुलन हुन नसकेको तत्कालिन युरोपेली परिस्थितिमा अन्य उपयुक्त उपाय नभएको कारण जाति, प्रजाति, भाषिक समुदाय र धार्मिक सम्प्रदायलाई राष्ट्रियताको मानक मानेर राज्य निर्माण भएका थिए।

यसमा नेपाल जस्तो वैदिक सनातन, बौद्ध, जैन, बोन, किरात जस्ता सम्प्रदायको साझा थलोको कुनै सरोकार छैन्। नेपाल वैदिक कालदेखि नै विविधतायुक्त छ अर्थात एउटै राज्य भित्र फरक जाति, प्रजाति, भाषिक समुदाय र धार्मिक सम्प्रदाय अटाएका थिए। सैद्धान्तिक रूपमा लिपिबद्ध नभए पनि नेपाल र भारतजस्ता देशहरूमा राज्य नै राष्ट्रियताको निर्धारक तत्वको रूपमा रहिआएको थियो।

वि.सं. २०७३ सालमा युगद्रष्टा गुरू डा. निर्मलमणि अधिकारी र डा. गोविन्द शरण उपाध्यायले लेख्नुभएको 'राज्यराष्ट्र अवधारणा र सिद्धान्त' पुस्तक प्रकाशन भइसकेपछि यसले सिद्धान्तको रूपमा लिपिबद्ध भइसकेको छ। नेपाल एक राज्यराष्ट्र हो। साउनमा आँखा फुटेको गोरूले जता पनि हरियो देख्छ भनेझैँ तत्कालिन युरोपेली परिस्थितिमा आफ्नो विवेकको तिलान्जली दिएकाहरू जता पनि त्यहीँ युरोपेली दृष्टिकोण लगाएर जता पनि हेर्ने प्रवृतिको कारण नेपाललाई बहुराष्ट्रिय राज्य दावी गरिएको हो।

वास्तवमा नेपाल एक राज्यराष्ट्र हो

जाति, प्रजाति, भाषिक समूह, धार्मिक सम्प्रदाय, सांस्कृतिक एवं क्षेत्रीय पहिचान राष्ट्रियताको निर्धारक होइन कि बरू राज्य नै राष्ट्रियता निर्धारक तत्व हो। राज्यराष्ट्र सिद्धान्तको मूल मर्म यहीँ हो। अथर्ववेद निर्दिष्ट राज्यराष्ट्र सिद्धान्त बौद्ध, बोन, जैन, किराँत सम्प्रदायले समेत आत्मसाथ गरेको छ। राज्यराष्ट्रले उदार राष्ट्रियतावादी दृष्टिकोण अवलम्बन गरेको छ भने यसको ठिक विपरित तत्कालिन युरोपेली परिस्थितिमा ल्याईएको राष्ट्रराज्य, द्वीराष्ट्रिय राज्य, बहुराष्ट्रिय राज्यले संकीर्ण राष्ट्रियतावादी दृष्टिकोण अवलम्बन गरेको छ। 'भू(राजनीतिक(वैधानिकता प्राप्त एउटा निश्चित भौगोलिक सीमाबद्ध 'राज्य' नै 'राष्ट्र' हो, जुन स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्तासम्पन्न हुन्छ र जहाँ विविध प्रजाति, जाति, भाषा, संस्कृति, सम्प्रदाय, समुदाय, भौगोलिक क्षेत्र आदिको समन्वयबाट समष्टिकृत 'राष्ट्रियता' निर्धारण भएको हुन्छ ।'

राज्यराष्ट्र अवधारणा र सिद्धान्त पुस्तकमा दिईएको राष्ट्रको परिभाषाले नै यो कति उदार र दिगो छ भनेर बुझिन्छ ।

राज्यराष्ट्र सिद्धान्तमा राज्य नै राष्ट्रियताको आधार हो। राज्यमा रहेका विविध भाषिक समूह, जाति, प्रजाति, धार्मिक सम्प्रदाय तथा सांस्कृतिक पहिचानको समष्टिगत चरित्र नै राष्ट्रियता बनेको हुन्छ। जसरी लवण बन्न क्षार र अम्ल दुवैको योगदान भएता पनि लवणको गुण न क्षारसँग मिल्छ न अम्लसँग मिल्छ। ठिक त्यसै गरी राज्य मार्फत प्रतिविम्बित हुने राष्ट्रियता निर्माण उक्त राज्यमा रहेका विविध भाषिक समूह, जाति, प्रजाति, धार्मिक सम्प्रदाय तथा सांस्कृतिक पहिचानको समष्टिगत योगदान हुन्छ तर कुनै एक जाति, प्रजाति, भाषा, संस्कृतिक वा सम्प्रदायको पेवा भने हुँदैन।

राज्यराष्ट्र सिद्धान्तको अर्को प्रमुख विशेषता भनेको यसले नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूत विशिष्टीकृत रूपमा गर्छ। नागरिक तथा राजनीतिक अधिकार परिप्रेक्ष्यमा व्यक्ति नै प्रमुख इकाई रहन्छ भने सांस्कृतिक अधिकारको प्रत्याभूत गर्दा सांस्कृतिक समूह, सम्प्रदाय, समुदाय, जाति, प्रजाति वा भौगोलिक पहिचानको आधारमा बनेको अवयवलाई प्रधान इकाई मानिन्छ र सांस्कृतिक अधिकारको प्रयोग गर्दा उक्त अवयवले अग्राधिकार प्राप्त गर्छ। उदाहरणको लागि रातो मच्छेन्द्रनाथको जात्रा सञ्चालन गर्न नेवार समुदाय सक्रिय हुन्छन् र उनीहरूकै अग्राधिकार हुन्छ।

सांस्कृतिक अधिकारको प्राप्तिको लागि राज्य टुक्राउन विश्वमा अहिले ३०० वटा भन्दा बढी विखण्डनकारी सक्रिय छन्। नेपालमा लिपिबद्ध गरिएको राज्यराष्ट्र सिद्धान्तले नागरिक तथा राजनीतक अधिकारका साथसाथै सांस्कृतिक अधिकारको पनि विशिष्टीकृत रूपमा प्रत्याभूत गर्ने हुँदा भाषा बचाउने नाममा, संस्कृति बचाउने नाममा, जातीय पहिचान बचाउने नाममा फरक राज्य बनाउने र घृणा एवं विभाजनको कहिले नटुङ्गिने दलदलबाट मानव समाजलाई मुक्ति दिने भएको हुँदा यसले नेपालको मात्रै होइन विश्वकै कल्याण गर्छ।

अन्त्यमा

राष्ट्रराज्य, द्वीराष्ट्रिय राज्य, बहुराष्ट्रिय राज्यको अवधारणा गतार्थ एवं वर्तमान विश्व परिस्थितिमा कामै नलाग्ने भइसकेको छ। युरोपमा विकसित यी अवधारणा युरोपमै नचल्ने अवस्थामा छ। अझै पनि कसैले युरोपेली देशलाई राष्ट्रराज्य सिद्धान्तको आधार द्वीराष्ट्रिय राज्य र बहुराष्ट्रिय राज्यको परिभाषामा समेट्न खोज्छ भने सन् २०१७ मा स्पेनबाट क्याटालोनिया टुक्रिए जस्तै टुक्राउन युरोपमा ११५ वटा विखण्डनकारी शक्तिहरू छन्।

राष्ट्रराज्य सिद्धान्तमा आधारित रहेर बनेका राष्ट्रहरू नै अहिले पुरानो परिभाषा अनुसार चल्न नसक्ने अवस्थामा आए भने हुँदै नभएको कुनै पनि साईनो नै नभएको नेपालमा बहुराष्ट्रिय राज्यको परिभाषा लाद्न खोजेर घृणा र विभाजनको रेखा कोर्ने प्रयास थालिएको छ। नेपाल वैदिककालदेखि अविच्छिन्न भू(राजनीतिक(वैधानिक मान्यता प्राप्त राज्यराष्ट्र हो। कसैले इसाईहरूको आपसी द्वन्द्व समाधान गर्न ल्याईएको सन्धिमा टेकेर बनाईएको राष्ट्रराज्य, द्वीराष्ट्रिय राज्य वा बहुराष्ट्रिय राज्यको परिभाषा नेपालमा लागू गर्न खोज्नु भनेको राष्ट्रघात हो। जति शब्दमा निन्दा गरे पनि कमै हुन्छ।

https://www.breaknlinks.com/nepali/

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

## मधेश अपडेट

### हावाहुरी र अशिनाका कारण मकैबाली नष्ट

रौतहट । वर्षासँगै आएको हावाहुरी र अशिनाका कारण रौतहटमा ठूलो क्षति पुगेको छ भने जिल्लाको अधिकांश स्थानमा विद्युत् आपूर्ति ठप्प भएको छ । शुक्रबार राति करिब साढे ८ बजेको समयमा वर्षासँगै आएका हावाहुरी र अशिनाले रौतहटको विभिन्न स्थानमा घरको छाना उडाउनुका साथै रूख तथा दर्जनौं विद्युतको पोल समेत ढालेको छ । वर्षासँगै आएका अशिनाका कारण रौतहमा टालिबाट छाइएको घर बढी प्रभावित भएको देखिएको छ । टालिबाट छाइएको घरका टालि अशिनाले फुटेर घरमा भएको सम्पुर्ण समाग्री पानिले भिजेर र हावाहुरीले उडाएर नष्ट भएको छ । यस्तै बर्षासंगै आएको हावाहुरी र अशिनाका कारण रौतहटको उतरी भेगमा किसाले लगाएको मकै बालि पनि पुर्ण रूपमा नष्ट भएको हो । किसानले लगाएको मकै बालि कामै नलागने जस्तै अशिनाले नष्ट गरेको चन्द्रपुर ९ का स्थानिय वासिन्दा राम लोचन चौधरीले बताएका छन् । चौधरीका अनुसार चन्द्रपुर नगरपलिका वडा नं–९ चेतनगरमा करिब १ हजार विघा मकै बालि अशिनाले ध्वस्त परेको छ भने सयौं घरका छाना समेत उडाएको बताएका छन् । यता चन्द्रपुर नगरपालिका वडा नं–१० मा किसानले लगाएको करिब १२ सय बिघा मकै बालि नष्ट भएको र ५ सय भन्दा बढी घर धुरीको घरका टालि फुटाएको र घरको छाना समेत उडाएको चन्द्रपुर १० का स्थानिय वासिन्दा प्रकाश निर्माणीले बताएका छन् । वर्षासँगै आएको हावाहुरी र अशिनाका कारण रौतहटको बृन्दावन नगरपालिका पनि ठूलो क्षति भएको बताइएको छ । बृन्दावन नगरपालिका वडा नं–१ स्थित बलरीमा किसानले लगाएको करिब ८ सय बिघा मकै बालि अशिनाका कारण नष्ट भएको स्थानीय बासिन्दा बच्चु पटेलले बताएका छन् । बर्षासंगै आएको हावाहुरी र अशिनाका कारण क्षती भएको स्थानमा तत्काल स्थानिय तहबाट अनुगमन गर्नु पर्ने बुद्धिजिविहरूको भनाई रहेको छ ।

### ग्यास, आलु र प्याज आयात दोब्बर

भैरहवा । भैरहवा भन्सार कार्यालयबाट आलु, प्याज, ग्यास बुलेटलगायत सामग्री आयात दोब्बर भएको छ । अतिआवश्यक सामग्री नियमित रूपमा आयात भइरहेको छ । गत वर्ष यो अवधिमा भन्दा अहिले अतिआवश्यक वस्तु आयात बढेको छ । खाद्यान्न, तरकारी, फलफूल, तेलहन तथा खाने तेलको आयात गत वर्षको यो अवधिको भन्दा बढी छ । गत वर्ष २३ दिनको अवधिमा एक सय ७९ ग्यास बुलेट आएकामा अहिले तीन सय ३६ पुगेको छ । त्यस्तै, एक सय ३९ ट्रक आलु र प्याज आयात भएकोमा अहिले दुई सय ९८ ट्रक आयात भए पनि डिजेल पेट्रोलको आयातमा भारी गिरावट आएको भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कमलकुमार भटराईले बताए । भन्सार कार्यालयले अतिआवश्यक प्रकृतिका गाडी छिटोभन्दा छिटो भन्सार पास गरी गन्तव्यतिर पठाउँदै आएको छ । लकडाउन अवधिमा अन्य गाडीमा कोइला, एमएस बिलेट, बिटुमिन, टाल मार्बललगायत सामान आएका छन् । प्रक्रिया नपुगेका र औद्योगिक प्रतिष्ठान नखुल्दा एक सय ७१ गाडी भन्सार पास नभई यार्डमा रहेको कार्यालयले जनाएको छ ।

### सीमामा ५ हजार सुरक्षाकर्मी तैनाथ

विराटनगर । प्रदेश १ का भारतसँग सीमाना जोडिएका चार जिल्लाका सीमा क्षेत्रमा थप कडाइ गरिएको छ । उदयपुरमा बसेका ११ जना भारतीयसहित १२ जनामा कोरोना संक्रमण पुष्टि भएपछि सुनसरी, मोरङ, झापा र इलाम जिल्लाको सीमा नाकामा सुरक्षाकर्मीको परिचालन बढाइएको हो । अहिले नेपाल प्रहरी र सशस्त्र प्रहरीले आफ्नो जनशक्तिलाई सीमा क्षेत्रमा नै केन्द्रित गरेको छ । सीमा क्षेत्रमा तीन हजार सात सय सशस्त्र प्रहरी र एक हजार एक सय नेपाल प्रहरी परिचालन भएका छन् । दशगजामा चोकपोष्ट खडा गरी २४ घण्टा प्रहरी सुरक्षा तैनाथी बढाइएको छ । लुकिछिपी नेपाल प्रवेश गर्ने क्रम नरोकिएपछि सशस्त्र प्रहरी र नेपाल प्रहरीको सीमा क्षेत्रमा परिचालन बढाइएको सशस्त्र प्रहरी बल नेपाल प्रदेश १ बाहिनीका प्रहरी नायब महानिरीक्षक (डीआईजी) नगेन्द्र थापाले जानकारी दिए । सीमा क्षेत्रको सुरक्षा निगरानी र नियन्त्रणका लागि १८ जना प्रहरी निरीक्षकको नेतृत्वमा नेपाल प्रहरी परिचालन गरिएको उनले बताए । अहिले सीमा क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको गरी प्रत्येक पाँच सय मिटरमा सुरक्षा पोस्ट राखिएको छ । भारतको विहार र पश्चिम बंगाल राज्यसँग सीमाना जोडिएको प्रदेश १ का जिल्ला इलाम, झापा मोरङ र सुनसरीको सीमावर्ती क्षेत्रमा कुल तीन सय ८ वटा नयाँ पोस्ट थपिएको छ । ती पोस्टमा सात जनाको दरले सशस्त्र प्रहरी रहनेछन् ।

### जमेको पानीमा डुबेर तीन बालकको मृत्यु

बाँके । जिल्लाको बैजनाथ गाउँपालिकामा नालामा जमेको पानीमा डुबेर तीन बालकको ज्यान गएको छ । बैजनाथ गाउँपालिका-२ पितमारीस्थित बन्दै गरेको क्षेत्रिय कारागारको कम्पाउण्ड बाहिर रहेको पानी निकासको लागि खनेको नालामा जम्मा भएको पानीमा डुबेर तीन जना नाबालकको बिहीबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेहरू सोही ठाउँ बस्नेहरू १२ वर्षीय नरेश कुँवर, १२ वर्षीय नबिन परियार र ११ वर्षीय अमिल रावल रहेका छन् । उनीहरूको खेल्ने क्रममा डुबेर मृत्यु भएको बताइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बाल गृह र अस्पतालमा सहयोग

कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं.१ पकडीमा रहेको युवा समाज कल्याणले बाल गृह (बाल मन्दिर) तौलिहवामा रहेका अनाथ बालबालिकाहरूलाई सरसफाईमा विशेष ध्यान दिन मास्क, सेनिटाईजर, ग्लोब्स, हयान्डवास, चाउचाउ लगायत फलफूल सहयोग गरेको छ । साथै कपिलवस्तु जिल्ला अस्पताल तौलिहवामा पनि दिनरात सेवामा खटिरहेका स्वास्थ्यकर्मीहरूलाई कोरोना भाईरसको जोखिमबाट बच्नका लागि सुरक्षा सामग्री सहयोग गरेको छ । आफूहरूले सेवा सुविधाको आवश्यकता परेको हरेक क्षेत्रमा सेवा सुविधा दिनका लागि चाहे त्यो सरकारी होस या गैरसरकारी सबै ठाउँमा सहयोग गर्ने कुरा संस्थाका उपाध्यक्ष वलिउद्दीन मुसलमानले बताए । यो विश्व महामारीले गर्दा अत्यन्त शक्तिशाली देशहरूको अवस्था दयनीय बनिरहेकोले हाम्रो देशमा पनि यो महामारी छोइसकेकोले सरकारको दायित्वको भरमा मात्र नभई यस्तो अवस्थामा संस्थाहरूको भूमिका पनि महत्वपूर्ण रहेको कुरा संस्थाका अध्यक्ष मोहम्मद वकिल मुसलमानले बताए । यस महामारीबाट बच्नका लागि जिल्ला अस्पताल तौलिहवामा यो दोस्रो सहयोगी हातको रूपमा यो कल्याण समाज यहाँ अएको कुरा अस्पतालका सुप्रीटेन्डेन्ट डा. किशोर बन्जाडेले बताए । सुरक्षा सामग्री लगायत फलफुल हस्तान्तरण गरिदिनेमा संस्थाका सदस्य एवम् वाणगंगा सिचाई योजनाका अध्यक्ष मेवालाल यादव, कलामुद्दिन मुसलमान, श्याम यादव, विश्वेश्वर गुप्ता रहेका छन् ।

### नेपाल-भारत सीमानाकामा सिसीटिभी

जनकपुरधाम । प्रदेश २ सरकारले नेपाल-भारत सीमानाकामा सिसीटिभी क्यामेरा जडान गर्ने भएको छ । लकडाउन तथा सीमानाका शिल गरिएको अवस्थामा पनि आवागमन नरोकिएपछि प्रदेश सरकारले आठै जिल्लाका विभिन्न नाकामा सिसीटिभी जडान गर्न लागेको हो । प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहाले सीमामा सिसिटिभी जडान गरिन लागेको जानकारी दिए । 'नेपाल-भारत सीमानाकामा सिसीटिभी क्यामेरा जडानका लागि करिब रू पाँच करोड खर्च हुनेछ । सीमामा कडा निगरानीका लागि यो कदम उठाउन लागिएको हो,'उनले भने । भारतसँग जोडिएको खुल्ला सीमाका कारण भारतबाट रातिराति लुकीछिपी मानिस नेपाल छिर्ने गरेको र त्यसले गर्दा कोरोना सङ्क्रमण रोकथाममा झन कठिनाइ भएको भन्दै सिसीटिभी क्यामेरा अर्को विकल्पका रूपमा अघि सारिएको बताए । यस्तै, सीमानाकामा निगरानी बढाउनका लागि सुरक्षाकर्मीलाई १०० साइकल दिने तयारीमा समेत प्रदेश सरकार जुटेको मन्त्री कुशवाहाले जानकारी दिए ।

### पहिलो चरणको विसंक्रमित कार्यक्रम सम्पन्न

वीरगंज । जि.पि.कोईराला फाउण्डेशन पर्साले आफ्नो सामाजिक उत्तरदायित्वलाई मनन् गर्दै पहिलो चरणको सेनेटाईजेशन कार्यक्रम सफलताका साथ सकाएको छ । कोरोना भाइरसले जनतामा संत्रास फैलिरहेको बेला जी.पी.कोईराला फाउण्डेशन पर्साले वीरगंज महानगरपालिकाको ३२ वटै वडाहरूमा सोडियम हाईपोक्लोराईट नामक सर्फेस सेनिटाईजर छर्किने कायको पहिलो चरणको कार्य सफल भएको छ । पहिलो चरणमा गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले वीरगंजको विभिन्न वडा १,२,३,४,५,६,७,र८ नं वडाहरूलाई विसंक्रमित गरी सकेको छ । नेपालमा आईलागेको यस्तो विपदको बेला हरेक नेपाली नागरिकले आफनो स्तरबाट नेपाल सरकारलाई साथ र सहयोग दिने कुरा रहेको बताउदै फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनले गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले आफनो समाजिक उत्तरदायित्वलाई मन्न गर्दै वीरगंन्जको विभिन्न वडाहरूलाई सेनेटाईज गरिसकेको बताएका छन् । वीरगंज महानगरपालिकाको वडा नं २ छपकैयामा ३ जना भारतियहरूमा कोरोना रोग पुष्टि भएपछि वीरगंज संत्रास अवस्थामा रहेको छ ।

# राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टीबीच एकताको सहमतिपत्र

मिति २०७७।०१।१० गते राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टीका प्रतिनिधिहरू बिच आज संयुक्त बैठक सम्पन्न भएको छ । यस अवसरमा सर्वप्रथम हामी कोरोना भाइरस (कोविड १९) महाव्याधिले नेपाल लगायत विश्वभर निम्त्याएको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक बिपत्ती र जनधनमा पुर्याएको क्षतिप्रति गहिरो दुःख प्रकट गर्दछौं र विश्वभर यस महामारीका कारण अकालमा मृत्युवरण गर्नु परेको लाखौं मानिसहरूप्रति गहिरो श्रद्धाञ्जली अर्पण गर्दछौं ।



देशमा सात दशक लामो संघर्ष र बलिदानपश्चात संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। विश्वमा विकसित नवीनतम लोकतान्त्रिक मूल्य र मान्यताको दृष्टिले यसमा केही अपूर्णता रहे पनि यो आजसम्म नेपाली जनताले प्राप्त गरेको सबैभन्दा महत्वपूर्ण उपलब्धी हो । यसलाई अझ विकसित गर्दै पहिचानमा आधारित संघीयता, सहभागितामूलक समावेशी लोकतन्त्र, बहुराष्ट्रिय राज्य सुहाउँदो समाजवाद, सामाजिक न्याय, सुशासन, समृद्धि र बहुसांस्कृतिक राष्ट्रवादको विकास गर्न जरूरी छ । यसका लागि परम्परागत राजनीतिक शक्तिको विकल्पमा विचार, संगठन र कार्यपद्धतिको दृष्टिले अग्रगामी, लोकतान्त्रिक नयाँ ढंगको राजनीतिक शक्ति निर्माण गर्नु आवश्यक छ । यहि आवश्यकता पूर्तिका लागि हिमाल, पहाड र मधेसका सबै राष्ट्रियताहरूको पहिचान र अधिकारसहितको संघीयता, समृद्धि, सुशासन समाजवाद स्थापित गर्न तथा राष्ट्रिय मुक्ति आन्दोलनको आँधीबेरी सृजना गर्न अपरिहार्य भएकाले नेपालको राजनीतिमा अग्रमामी परिवर्तनकारी शक्तिको रूपमा रहेको दुई पार्टीबिच निम्न आधारमा एकीकरण गर्न सहमती गरेका छौं।

१. पार्टी एकीकरण समानताको आधारमा गरिने छ।

२. एकीकृत पार्टीको नाम जनता समाजबादी पार्टी, नेपाल (PeopleÚs Socialist Party, Nepal) हुने छ।

३. एकीकृत पार्टीको झण्डा समाजबादी पार्टीले प्रयोग गर्दै आएको आयातकार आकारमा रातो र हरियो रंगको बिचमा तारा हुने छ ।

४. एकीकृत पार्टीको चुनाब चिन्ह राजपा नेपालले प्रयोग गर्दै आएको छाता हने छ।'

पार्टी एकीकरण गर्ने सहमती भएको यस महत्त्वपूर्ण घडीमा हामी देशका सम्पूर्ण महिला, मधेसी, आदिवासी जनजाति, खस, आर्य, शिल्पी दलित मुस्लीम, बारू पीछड़ा वर्ग लगायत सम्पूर्ण जनसमुदायहरूलाई वैकल्पीक राजनीतिक शक्ति निर्माणको यस महान अभियानमा सरिक हुन हार्दिक अपिल गर्दछौं ।


राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट
१. महन्थ ठाकुर
२. राजेन्द्र महतो
३. महेन्द्र राय यादव
४. शरत सिंह भण्डारी

समाजवादी पार्टीको तर्फबाट
१. बाबुराम भट्टराई
२. उपेन्द्र यादव
३. अशोक राई
४. राजेन्द्र श्रेष्ठ

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
जमिरुदिन मन्सूर
मेयर
हरिपुर नगरपालिका, सर्लाही

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
लोकनारायण यादव
मेयर, पर्सागढी नगरपालिका, पर्सा

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
रजतप्रताप शाह
मेयर
कृष्णनगर नगरपालिका, कपिलवस्तु

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
रामज्ञान मण्डल
मेयर, हंशपुर नगरपालिका, धनुषा

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
सियाराम प्रसाद कुशवाहा
मेयर, कटहरिया नगरपालिका, रौतहट

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
सियाराम राय
मेयर
हरिपूर्वा नगरपालिका, सर्लाही

## संक्षिप्त समाचार

### आफ्नै छोरीको हत्या गरी आत्महत्या भनि बनावटी घटना बनाउने व्यक्ति पक्राउ

पर्सा । आफ्नै छोरीको हत्या गरी आत्महत्या भनि बनावटी घटना बनाउने कार्यमा संलग्न वीरगंज महानगरपलिका-१ छप्कैयाटोल बस्ने २९ वर्षीय संजय सरार्फ भन्ने संजय कुमार साह सोनारलाई बैशाख ४ गते प्रहरीले पक्राउ गरेको छ । निज संजय सरार्फले आफ्नै छोरी ७ वर्षीया अंशू कुमारी सरार्फलाई गत चैत ११ गते दिउँसो झुण्डी रहेको अवस्थामा फेला पारी तत्काल उपचारको लागि नारायणी अस्पतालमा लैजाने क्रममा मृत्यु भएको भन्ने घटनामा संजय सरार्फलाई पक्राउ गरी अनुसन्धान गर्ने क्रममा मृतक अंशू कुमारी सरार्फले आफै झुण्डी आत्महत्या गरेको नभई मृतकको बुवा संजय सरार्फले घाटी थिची हत्या गरेको खुल्न आएको हो । साथै आफूले गरेको कसूरबाट बच्ने उद्देश्यले बनावटी आत्महत्या जस्तो वारदात बनाएको अनुसन्धानबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### बुवालाई फलामको रड प्रहार गरी हत्या

धनुषा । आफ्नै बुवा ५५ वर्षीय शौकिया सदालाई फलामको रड प्रहार गरी हत्या गरेको अभियोगमा शहिदनगर नगरपालिका-९ डुमरिया बस्ने ३० वर्षीय नथूनि सदालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। घरायसी बिवादको कारण नथुनिले आफ्नै बुबालाई टाउकोमा फलामको रडले प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। ईलाका प्रहरी कार्यालय यदुकुवा र प्रहरी चौकी चोराकोयलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### नवाज पढिरहेका १४ जना पक्राउ

कपिलवस्तु । मायाँदेबी गाउँपालिका-७ धुपहीस्थित मस्जिदबाट लकडाउन उल्लंघन गरी नवाज पढिरहेको अवस्थामा मायाँदेबी गाउँपालिका-७ धुपही बस्ने ६४ वर्षीय महोम्मद अलि मुसलमान लगायत १४ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उक्त मस्जिदमा मानिसहरूले लकडाउनको उल्लंघन गरी नवाज पढिरहेको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पकडीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

### भरुवा बन्दुक र सालको काठसहित पक्राउ

कैलाली । मोहन्याल गाउँपालिका-३ फल्लेबिसौनाबाट दुई नाले भरूवा बन्दुक १ थान र करिब ३१ क्युफुट सालको काठ सहित सोही ठाउँ बस्ने ४५ वर्षीया धनसरा गिरीलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनको घरमा भरूवा बन्दुक लुकाइछिपाई राखेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सडकपुर बौनियाबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त बन्दुक र सालको काठ फेला पारी उनलाई पक्राउ गरको हो । साथै धनसराको श्रीमान चन्चल भन्ने रचन्द्र राज गिरी फरार भएकोले प्रहरीले खोजी गरिरहेको छ ।

### चिर्पटले हानेर युवकको हत्या

रौतहट । रौतहटमा १ जना युवाको हत्या भएको छ । रौतहटको कटहरिया नगरपालिका वडा नं–१ भसेडबा टोमा आईतबार राती १ युवाको कुटपिट बाट हत्या भएको रहस्य खुल्न आएको हो । भसेडबाका स्थानीय राम एकबालक राय को २५ बर्षिय छोरा सञ्जिव रायलाई गाउँकै केही व्यक्तिहरूले हत्या गरेको बताइएको छ । हत्यामा संलग्न भएको आरोपमा प्रहरीले सोही गाउँका स्थानीय राधेश्याम दासलाई पक्राउ गरेको ईलाका प्रहरी कार्यालय गरूडाका डिएसपी ज्ञान कुमार महतोले बताएका छन् । यादवलाई बाँसको चिर्पटले हानेर हत्या गरेको डिएसपी महतोले बताएका हुन् । मृतकको शवलाई पोस्टमार्टमका लागि गौर अस्पताल लगिएको र घटनाको अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

### गहुँ थ्रेसर गर्ने क्रममा मेशिनमा परेर मृत्यु

कैलाली । कैलारी गाउँपालिका-२ रामपुर बस्ने ३४ वर्षीया चन्द्रा बोहराको गहुँ थ्रेसर गर्ने क्रममा अचानक थ्रेसर मेशिनभित्र पस्न गई मृत्यु भएको छ । शनिबार साँझ गहुँ थ्रेसर गर्ने क्रममा उनको कपाल थ्रेसर भित्र पस्न गई गम्भीर घाइते भएकी चन्द्राको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### राहत लुटपाट गर्ने पाँच जना पक्राउ

पर्सा । पर्सागढी नगरपालिका-५ पचरूखी टोलस्थित राहत वितरण गर्ने स्थानमा राहत वितरण गर्ने व्यक्तिमाथि हातपात गरी राहत सामग्री लुटपाट गरेको अभियोगमा ५ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही टोल बस्नेहरू २८ वर्षीय श्याम कुमार शर्मा, १८ वर्षीय सम्सुल हवारी, २२ वर्षीय चन्र्‍किशोर साह, ४० वर्षीय चन्द्रिका पटेल र ५५ वर्षीय दर्शन रायभर रहेका छन् । उक्त टोलमा ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने मानिसहरूलाई राहत वितरण गर्ने क्रममा उनीहरूले राहत लिन आउने व्यक्तिहरूलाई जोर(जुलुम, हो(हल्ला तथा राहत बाँड्ने व्यक्तिमाथि हातपात गरी केही राहतका सामग्रीहरू समेत लुटपाट लगेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कर्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

### गाई काटेको अभियोगमा एक जना पक्राउ

बाँके । बाँके जिल्लाको खजुरा गाउँपालिका-८ चमक बस्ने ४० वर्षीय नविबक्स अली दर्जीलाई गाई काटेको अभियोगमा बुधबार राति प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँ बस्ने ३५ वर्षीय वितन खाँ, ३० वर्षीय नफिस साई र दर्जी समेत मिली गाई काटेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी रनियापुरबाट खटिएको प्रहरीले दर्जीलाई गाईको मासु सहित घटनास्थलबाटै पक्राउ गरेको हो । घटनामा संलग्न वितन र नफिसलाई प्रहरीले खोजी गरिरहेको छ ।

### आगलागीबाट साढे तीन लाखको क्षति

मोरङ । सुनबर्सी नगरपालिका-५ टकुवा बस्ने सन्तोष मण्डलको घरमा बुधबार राति आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब ३ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत निर्देशिका पारित

प्रदेश २ मन्त्रिपरिषद्ले कोरोना भाइरस नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत निर्दशिका पारित गरेको छ । कोरोना भाइरस महामारीका कारण कृषि क्षेत्र गम्भीर रूपले प्रभावित हुन थालेपछि कृषिकार्यलाई सहज बनाउनका लागि राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रम समेटिएको निर्दशिका शुक्रबार मन्त्रिपरिषद्ले पारित गरेको हो । निर्दैशिकामा राहत तथा ब्याज अनुदानको व्यवस्था छ । राहत तथा पुनर्स्थापना कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ३० करोड र आर्थिक मामिला तथा योजना मन्त्रालयको ६ करोड गरी ३६ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

बाली, बागबानी, पशुपक्षी, माछा आदि कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन एवं साना उद्योग र व्यवसाय सरकारको राहत तथा पुनर्स्थापना कार्यक्रमको ब्याज अनुदानबाट लाभान्वित हुनेछन् । ब्याज अनुदानका अतिरिक्त लक्षित वर्गका रूपमा गैरआवासीय नेपालीसमेत गरी कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणसँग आबद्ध कृषक, कृषि उद्यमी र कृषि फार्मलाई राहत दिने उद्देश्य लिइएको छ । कार्यक्रम सञ्चालनका लागि आवश्यक परे रकम थपिने छ।

निर्देशिका जारी भएसँगै कोरोना भाइरस संक्रमण रोक्न लकडाउनका बेला दुरवस्थामा रहेका कृषकलाई राहत दिएर यसक्षेत्रमा टिकाउने कार्यक्रम ल्याउने प्रदेश २ पहिलो प्रदेश भएको छ । कृषकलाई राहत दिने विषयमा संघ सरकारले भने अझै गृहकार्य गरिरहेको छ ।

राहत तथा ब्याज अनुदान वितरणका लागि प्रदेशका आठवटै जिल्लाका समन्वय समितिका सभापतिको अध्यक्षतामा व्यवस्थापन समिति गठन गरिएको छ ।

निर्देशिकाअनुसार ब्रोइलर कुखुरा, हाँस फर्मका लागि क्षतिको विवरण प्रमाणित भई आएमा एक हजार कुखुरा, हाँससम्मको क्षतिमा प्रतिगोटाका दरले एक सय रूपैयाँ र सोभन्दा बढी तीन हजार सम्म कुखुरा, फर्मका अतिरिक्त क्षतिका लागि पचास रूपैयाँ प्रतिगोटाका दरले दिइनेछ ।

क्षतिको विवरण प्रमाणित भई प्राप्त नभएका हकमा चालू आर्थिक वर्षभित्रै चल्ला खरिदका लागि एक हजारसम्मको नयाँ स्टक राख्न प्रतिचल्ला सय रूपैयाँका दरले र सोभन्दा बढी चार हजारसम्म कुखुरा पाल्ने फर्मका अतिरिक्त चल्लाका लागि प्रतिगोटा पचास रूपैयाँका दरले पुनः व्यवसाय सञ्चालनका लागि प्रतिफलमा आधारित भई अनुदान दिइनेछ ।

यस व्यवस्थाअन्तर्गत चल्ला खरिद गर्न रकम उपलब्ध गराउँदा लकडाउन अवधिमा कुखुरा व्यवसायलाई निरन्तरता दिएका तथा नेपालका सरकारी तथा रजिस्टर्ड निजी ह्याचरीबाट चल्ला खरिद गरेकालाई मात्र रकम उपलब्ध गराइनेछ ।

एक हजारसम्म लेयर्स कुखुरा तथा हाँस पाल्ने फर्म पाल्नेका लागि दाना तथा अन्य व्यवस्थापनका लागि प्रतिगोटा २५ रूपैयाँका दरले राहत दिइनेछ ।

कुखुरा, हाँस चल्ला उत्पादन गर्ने स्रोतकेन्द्रका लागि एक लटमा ३० हजारसम्म चल्ला उत्पादन गर्नेलाई तीन लाख रूपैयाँ तथा सोभन्दा बढी उत्पादन गर्नेलाई एकमुष्ठ चार लाख पचास हजार रूपैयाँसम्म दानाऔषधि लगायतका लागि अनुदान उपलब्ध गराइनेछ ।

दुध उत्पादन गर्ने कृषकलाई लकडाउन अवधिमा संकलन हुन नसकेको दुधको परिमाणका आधारमा प्रतिलिटर दस रूपैयाँका दरले अनुदान उपलब्ध गराइनेछ ।

यस्तो गर्दा दुध संकलन केन्द्र वा सहकारीले फागुन महिनामा गरेको औसत कारोबारको परिणाम र लकडाउन अवधिमा गरेको कारोबार बीचको फरक परिमाणका आधारमा दिइनेछ । आधिकारिक रेकर्ड उपलब्ध हुन नसक्ने अवस्थामा यस्तो सुविधा भने उपलब्ध नहुने मन्त्रालयले जनाएको छ ।

मौसमी तरकारीका हकमा क्षतिको विवरण प्रमाणित भई आएमा आगामी सिजनका लागि उत्पादन सामग्रीबापत पाँच कट्ठासम्म प्रतिकट्ठा सात सय पचास रूपैयाँका दरले अनुदान दिइनेछ ।

यसैगरी ब्याज अनुदान सीमाअन्तर्गत कृषि प्रयोजनका लागि लिएका ऋणमा ०७६ चैतदेखि ०७७ असार मसान्तसम्मका चार महिनाको ब्याज प्रदेश सरकारले दिनेछ । जसमा ऋण रकम पाँच लाखसम्मका लागि अधिकतम १२ प्रतिशत ब्याजदर भएको हकमा शतप्रतिशत ब्याज अनुदान दिइनेछ । यसमा १२ प्रतिशतभन्दा बढीको ब्याज ऋण स्वयंले व्योहोर्नुपर्नेछ ।

पाँच लाख रूपैयाँभन्दा बढी १२ लाख रूपैयाँसम्मको ऋणमा ब्याजदरको ५० प्रतिशत वा ६ प्रतिशतमध्ये जुन कम हुन्छ दिइनेछ । १५ लाख रूपैयाँभन्दामाथि ३० लाख रूपैयाँसम्म ब्याजदरको ४० प्रतिशत वा ब्याजदर ५ प्रतिशतले आउने रकममध्ये जुन कम हुनेछ, त्यो दिइनेछ । ३० लाख रूपैयाँभन्दा बढी ऋणमा मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम अनुदान दिइनेछ ।

त्यस्तै लकडाउन अवधिमा नाशवान् ताजा तरकारी र दुध कृषकको खेतबारी, उत्पादनस्थल, संकलन केन्द्रबाट नजिकको बजारसम्म पुर्याउने सवारीसाधनका लागि मन्त्रालयले तोकेबमोजिम ढुवानी सुविधा उपलब्ध गराइनेछ ।

कृषिक्षेत्रमा प्रविधि, लगानी, उत्पादन तथा आयका हिसाबले कोरोना महामारीका कारण उच्च जोखिममा रहेका साना, सीमान्तकृत तथा मजदुरकिसानहरू लिएको कृषि ऋण तिर्न कठिनाइ भएकाले कृषि प्रयोजनका लागि लिएको ऋणमा अनुदान उपलब्ध गराउने तथा मर्कामा परेका कृषकहरूलाई राहत दिने व्यवस्था निर्देशिकामा रहेको प्रदेश २ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.गोविन्दप्रसाद शर्माले जानकारी दिए ।

निर्देशिकाका अनुसार व्यावसायिक खेतीमा भएको क्षतिका हकमा स्थानीय तहको सिफारिस तथा प्रहरी कार्यालयको मुचुल्का तथा क्षतिसम्बन्धी प्राविधिक प्रतिवेदनका आधारमा, संख्या उल्लेख हुने कृषिवस्तुको हकमा संख्याका आधारमा तथा अन्यका हकमा क्षति आकलनका आधारमा राहत दिइनेछ ।

कृषकको क्षतिका आधारमा दिइने राहतको सीमा निर्धारण गरी निश्चित प्रतिशत वा रकम -जुन कम हुने) प्रदान गरिने निर्देशिकामा व्यवस्था छ । विनियोजित रकम न्यून भएमा यथासम्भव साना व्यावसायिक कृषक तथा साना ऋणीलाई प्राथमिकता दिइनेछ ।

सम्बन्धित निकायबाट दर्ता भई ब्रोइलर, कुखुरा, हाँस पालन गर्ने फार्मका हकमा २०७६ माघ १५ पछि चल्ला खरिद गरी सो अवधिमा सञ्चालनमा आएका वा भइरहेका वा लकडाउन समाप्त भएको मितिमा कुखुराको उमेर ४५ दिन पूरा भएको फार्मलाई मात्र राहत दिइनेछ ।

लकडाउन अवधिमा खेती गरी सोही अवधिमा क्षति पुगेका तरकारी, पुष्पलगायत अन्य व्यवसायी कृषकसमेतलाई राहत अनुदान सुविधा उपलब्ध गराउन सकिनेछ ।

सामूहिक रूपमा क्षति भएका हकमा क्षति भएका ठाउँमा आगामी सिजनमा मुख्यबाली, खेती, वस्तुका लागि लक्षित गरी कृषि ज्ञान केन्द्र, भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत कृषिवस्तुको उत्पादन सामग्री तथा सिँचाइलगायतमा अनुदान दिइनेछ ।

व्यक्तिगत तथा व्यावसायिक फार्मलाई राहत तथा अनुदानका हकमा दोहोरो सुविधा नदिइने मन्त्रालयले जनाएको छ ।

यसैगरी कुनै पनि बैंकबाट कृषि प्रयोजनका लागि प्रवाह भएका वा गरिने ऋणको ब्याजमा प्रदेश सरकारबाट अनुदान दिइने छ । प्रदेशका साना किसान, फर्महरूले सहकारी, विकास बैंक, वाणिय बैंकमार्फत कृषि प्रयोजनका लागि लिएका ऋणको हकमा सम्बन्धित बैंकको ०७६ चैत महिनादेखि ०७७ असार मसान्तसम्मको ऋणको ब्याजमा सरकारले अनुदान दिनेछ ।

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) प्रदेश नम्बर २ का अध्यक्ष प्रभु साहले कोरोना भाइरस नियन्त्रण तथा रोकथामको विषयमा प्रदेश २ सरकार गैरजिम्मेवार भएको आरोप लगाएका छन् ।

शनिवार सामाजिक संजाल फेसबूकमार्फत आफ्नो धारणा राख्दै अध्यक्ष साहले प्रदेश सरकारभन्दा पनि स्थानीय सरकार अग्रभागमा रहेको र प्रदेश सरकारले आफ्नो बजेट अन्य तहलाई दिएर पन्छिन खोजेको बताएका हुन् ।

'महामारीको रूपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथाममा प्रदेश २ सरकार पुरै उदासीन देखिएको छ । यस महासंकटको घडीमा आफ्नो मातहतको संरचना मार्फत अग्रभागमा रहेर तयारीको काम युद्धस्तरमा अगाडि बढाउनुपर्नेमा प्रदेश २ सरकार अनुदान दाताको भूमिकामा मात्र सीमित छ । गाउँपालिकारनगरपालिका तथा संघ मातहतका जिप्रका, प्रहरी, जेललगायतका निकायलाई आफ्नो बजेट बाँड्ने तर आफु भने केही पनि देखिने काम नगर्ने प्रदेश सरकारको रवैया महाराजा शैलीको देखिन्छ' अध्यक्ष साहले लेखेका छन् ।

उनी अगाडी लेख्छन्, 'प्रदेश सरकारले आफु जिम्मा लिएका ५ वटा सुविधा सम्पन्न अस्पताल समेतमा तयारीको कार्य शुन्य बराबर भएको हेर्दा प्रदेश २ सरकार कति गैरजिम्मेवार छ भन्ने कुरा प्रष्ट हुन्छ । भारतसंग रोटीबेटीको परस्पर सम्बन्ध एवं खुल्ला सिमाका कारण पनि अन्य प्रदेशको तुलनामा यो प्रदेश थप जोखिमयुक्त र विशेष संवेदनशील छ तर विडम्बना संघीय सरकारले उपलब्ध गराएको PCR परिक्षण प्रविधिका अलवा हालसम्म प्रदेश सरकारले कोरोनाको संक्रमण परिक्षणका लागि आफ्नो तर्फबाट परिक्षणशालाहरू -RT - PCR Labs) निर्माण गर्न त परै जाओस् , सामान्यतया यस क्षेत्रमा खटिएका स्वास्थ्यकर्मी , सुरक्षाकर्मी र सरसफाइ कर्मचारीहरूलाई अहिलेसम्म गुणस्तरिय सुरक्षा सामग्री उपलब्ध भएको छैन ।'

'बाहिरबाट के कति मानिसहरू आए ? त्यसको सहि पहिचानको कुनै तथ्याङ्क छैन । यस्तो गैरजिम्मेवार एवं लाचार स्थितिको तुरन्त अन्त्य होस्, यस महाविपदको घडीमा प्रदेश सरकारलाई अग्रभागमा रहेर काम गर्न विशेष आग्रह गर्दछु ।'

अध्यक्ष साहले प्रदेश नेतृत्व प्रदेशवासीप्रतिको उत्तरदायित्व बिर्सेको भन्दै चर्को आलोचना गर्दै आएका छन् ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## चीनबाट बेलायत पनि ठगियो

काठमाडौं । कोरोना भाइरस कोभिड-१९ को उद्गम देश चीनबाट पठाइएका कमसल स्वास्थ्य सामग्रीका कारणविभिन्न देश ठगीमा परेका छन् । चीनबाट जति देशले कोभिड-१९ का परीक्षण किटहरू किनेका छन् तिनीहरू अधिकांश सबै ठगिएका छन् । यसबाट बेलायत पनि अछुतो हुन सकेन । बेलायतको जस्टअर्थन्यूजका अनुसार बेलायत १ करोड ६० लाख पाउन्ड मूल्य बराबरको त्रुटिपूर्ण किट किनेर खर्च गर्न वाध्य भएको हो । बेलायतले उक्त मूल्यमा बीस लाख कोभिड-१९ का एन्टीबडी टेष्ट किनेको हो । पछि थाहा भयो कि ती सबै त्रुटिपूर्ण रहेका थिए ।

डेलीमेलले जनाए अनुसार बेलायतसहितका विश्वका अन्य राष्ट्रहरूले एउटा परीक्षण खोज्ने प्रयास गरिरहेका छन् जुन धेरै उत्पादन गर्न सकिन्छ। ताकि यसबाट कसलाई रोग लागेको छ र कसको रोगको प्रतिरोधात्मक क्षमता छ कि छैन भनेर छिट्टै पत्ता लगाउन सकियोस् ।

अक्सफोर्ड विश्वविद्यालयको एक प्रयोगशालाले त्रुत्रिपूर्ण पाँच लाख परीक्षणहरू भण्डारणको फोहरमा जम्मा गर्दै गरेको बताएको छ। त्यस्तै अमेरिकी पत्रिकाका अनुसार १५ लाख परीक्षण किटसमेत पनि त्रुटिपूर्ण रहेको जनाइएको छ। केही रकम भए पनि फिर्ता पाउनका लागि बेलायती अधिकारीहरूलाई लज्जित पारेको समेत पत्रिकाले जनाएको छ । यसबारेमा बेलायती प्रधानमन्त्रीको कार्यालय डाउनिङ स्ट्रिटले उक्त दावीलाई अस्वीकार नगरे पनि प्रधानमन्त्रीका कार्यालय प्रवक्ताले दुई करोड डलरको आँकडाका बारेमा जानकारी नभएको बताए ।

थुप्रै चिनियाँ कम्पनीहरूले नक्कली टेष्ट किटहरू बेचेर बदनाम कमाएका छन् । यसअघि स्पेन, चेक गणतन्त्र लगायतले स्वास्थ्य उपकरणहरू फिर्ता नै गरेका थिए । यसबाट भारतसमेत पनि ठगिएको छ। थुप्रै संख्याका पीपीई गुणस्तरहिन पाइएको थियो । पाकिस्तानलाई त चीनले अन्डरवियरका मास्क पठाएको थियो ।

## चीनको विकास दरमा तीन दशकपछि गिरावट

काठमाडौं । सन् २०२० को पहिलो त्रैमासिकमा चीनको जीडीपीमा ६.८ प्रतिशतको गिरावट आएको छ । सन् २०१९ को पहिलो त्रैमासिकको तुलनामा यति प्रतिशतको गिरावट देखिएको हो । यदि यसअघिका त्रैमासिकसँग यसको तुलना गर्ने हो भने चिनियाँ अर्थव्यवस्थामा यो गिरावट अझ धेरै छ । पछिल्लो त्रैमासिकको तुलनामा यो गिरावट ९.८ प्रतिशत छ ।

सरकारी आँकडाका अनुसार पछिल्लो तीन दशकमा पहिलोपटक चीनको अर्थव्यवस्थामा गिरावट आएको हो । सांघाईस्थित बीबीसी संवाददाता रबिन ब्रेन्टका अनुसार कोरोनाभाइरसको महामारी फैलिएपछि चीन संसारको पहिलो देश हो जसले अर्थव्यवस्थामाथि यसको प्रभावसम्बन्धि आँकडा आधिकारिक रूपमा जारी गरेको हो । चिनियाँ अधिकारीका अनुसार अर्थव्यवस्थामा गिरावट हुँदाहुँदै पनि रोजगार स्थिर छ र कुनै ठूलो परिमाणमा जागिरमा कटौती भइरहेको छैन । चीनमा बेरोजगारी हाल ६.२ प्रतिशत छ ।

उच्च तहका चिनियाँ अधिकारीहरू गोप्य रूपमा नयाँ कोरोना भाइरसको महामारीको सामना गर्दैछौं भन्ने कुरामा विश्वस्त हुँदा संक्रमण सुरू भएको ६ दिन बितिसकेको थियो।

यतिबेलासम्म कोरोना भाइरसको केन्द्रबिन्दु वुहानमा मानिसहरू हजारौं सहभागी हुने ठूल्ठूला सामुहिक भोजमा सरिक भइसकेका थिए भने चिनियाँ नयाँ वर्ष मनाउन लाखौं मानिस हिँडिसकेका थिए ।

एसोसियट प्रेस(एपी)लाई प्राप्त संक्रमणसम्बन्धी पूर्वतथ्याकंहरूको गोप्य कागजातका अनुसार राष्ट्रपति सी चिनफिङले मानिसहरूलाई जनवरी २० अर्थात् संक्रमण सुरू भएको सातौं दिन भाइरसको पहिलोपटक चेतावनी दिने बेलासम्म ३ हजार बढी मानिस संक्रमित भइसकेका थिए ।

आममानिसलाई सावधान गराउने र डरलाई बेवास्ता गर्दै बिचबाट हिँड्ने चीनको दोधारे प्रयासले महामारीलाई फैलिने ठाउँ मिल्यो, जसको परिणाम स्वरूप आज संसारभर २० लाख मानिस संक्रमित भएका छन् भने १ लाख २६ हजार बढी मानिसले ज्यान गुमाउनु परेको छ ।

'यो ठुलो छ' , युनिभर्सिटीको अफ क्यालीफोर्नियाका महामारी विज्ञ जिऊओ एफेङ जाङ्गले भने, 'उनीहरूले ६ दिन पहिला कदम चालेको भए, यो भन्दा निक्कै कम मानिस बिरामी हुनेथिए र चिकित्सकिय सेवा पनि पर्याप्त हुन्थ्यो ।' तथापी युनिभर्सिटी अफ हंगकंगका महामारी विज्ञ बेन्जामिन काउले भने त्यतिबेला त्यसो गरेको भए हतारो जस्तो देखिन्थ्यो भन्छन् । एपीलाई प्राप्त बुलेटिनहरूमा बेइजिङका चिनियाँ नेताहरूले गरेको ६ दिनको विलम्बका अलावा त्यहाँको रोग नियन्त्रण केन्द्रले यो अवधिमा कुनै नयाँ संक्रमण दर्ता नगरेको पुष्टि गर्छ ।

चीनको सूचनामाथिको नियन्त्रण, कुटनीतिक व्यवधानहरू र माथिल्लो तहमा नराम्रो समाचार पुर्याउनु हुँदैन भन्ने 'चेन अफ कमाण्ड'ले भाइरसले सुरूमा दिएको चेतावनीहरूलाई छेक्ने काम काम गरेको विशेषज्ञहरू बताउँछन् ।

त्यसैगरी फ्याक्सबाट राष्ट्रिय स्वास्थ्य कमिसनले पठाएको धारणामा राष्ट्रपति सिले जारी गरे अनुरूप नै चीनले महामारीका बारेमा खुल्ला, पारदर्शी, जिम्मेवारपूर्ण र समयमै सूचना प्रकाशित गरेको जनाएको छ ।

## चीनले दिने भनिएको उपकरण रोकियो

काठमाडौं । चीन सरकारले नेपालका चीनसँग सीमाना जोडिएका १४ जिल्लाका स्थानीय तहलाई सडक निर्माणका लागि उपलब्ध गराउने भनेको निर्माण उपकरण चालु आर्थिक वर्षका लागि रोकिएको छ । परराष्ट्र मन्त्रालयका अनुसार तिब्बत परराष्ट्र कार्यालयका महानिर्देशक र तिब्बतस्थित नेपाली महावाणिज्यदूतबीचको वार्तामा चीन सरकारले यसवर्ष निर्माण उपकरण उपलब्ध गराउन नसक्ने जानकारी गराएको छ । सोहीअनुसार १४ जिल्लालाई निर्माण सामग्री प्राप्त नहुने भएको हो । तिब्बत सरकारले चीनसँग सीमाना जोडिएका १४ जिल्लालाई सडक निर्माणको प्रयोजनका लागि एकरएक वटा एस्काभेटर उपलब्ध गराउने सम्झौता भएको थियो । तर, कोभिड-१९ का कारण चीन सरकारको वैदेशिक सहयोगका प्राथमिकता नै परिवर्तन गर्नुपरेका कारण सहयोग रोक्नु परेको जानकारी तिब्बत सरकारले गराएको छ । सबै आयोजनाबाट अब सहयोग कोभिड(१९ को रोकथाम तथा नियन्त्रणमा केन्द्रित हुनुपर्ने भएकाले उत्तरी जिल्लालाई निर्माण सामग्री सहयोग नआउने भएको हो । चीन सरकारले ताप्लेजुङको फत्ताङलुङ गाउँपालिका, संखुवासभाको सभापोखरी र दोलखाको बिगु गाउँपालिकालाई निर्माण सामग्री दिने सम्झौता भएको थियो । यसैगरी, सिन्धुपाल्चोकको जुगल गाउँपालिका, रसुवाको गोसाइँकुण्ड गाउँपालिका, धादिङको रूवीभ्याली गाउँपालिका र गोरखाको चुमनुब्री गाउँपालिकाले समेत उपकरण प्राप्त गर्ने सहमति थियो ।

मनाङको नार्पाभूमि, मुस्ताङको लोमन्थाङ, बझाङको तालकोट गाउँपालिका पनि यो सूचीमा थियो। डोल्पाको शे(फोक्सुण्डो गाउँपालिका, मुगुको मुगुम कार्मारोङ गाउँपालिका र हुम्लाको नाम्खा गाउँपालिकाले पाउने भनेका सहयोग समेत रोकिएको हो ।

## चीनले पठायो किट नक्कली

बेइजिङ्ग । चीनले विदेशहरूलाई बिक्री गर्ने तथा अनुदानमा दिने कारोना भाईरस परीक्षण गर्ने किट नक्कली भएको खुलासा भएको छ । तेस्रो मुलुकमा पठाएको भाइरस परीक्षण गर्ने किट नक्कली भएको स्पेनका स्थानीय संचारमाध्मले जनाएको छ । चीनले दिएको किट स्पेन सरकारले फिर्ता गरेको बताएको छ । कोभिड-१९ परीक्षण गर्ने किट घरेलु उत्पानबाट बनाइएको हुन सक्ने उनीहरूको ठहर छ । स्पेनको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै चीनबाट आयात गरेको किट कुनै काम नलाग्ने भएकोले फिर्ता गरिएको जनाएको छ । भाइरस परिक्षण गर्ने गलत किट भएकै करण स्पेनमा ४ हजार मानिसको मृत्यु भएको अन्तराष्ट्रय संचारमध्यमहरूले जनाएको छ । स्पेनका एक लेखक ब्रुनो म्याकसकाले चीनबाट खरिद गरेका ६ लाख ४० हजार परिक्ष किट नक्ली र काम नलाग्ने भएको आफनो ट्वीट मार्फत संदेश प्रवाह गरेको छ । केहि दिन अगाडी चेक रिपब्लिकको एक प्रतिष्ठित सञ्चार माध्यमले पनि चीनद्वारा चेक रिपब्लिकलाई कोरोना परीक्षणको लागि पठाएको किटमध्ये ८० प्रतिशतले गलत नतिजा दिने गरेको समेत खुलासा गरेको थियो ।

## विश्व परिवेश

# पाकिस्तानमा अल्पसंख्यक हिन्दु किशोरीहरू निशानामा, पुरूषहरू पलायनका लागि बाध्य



पाकिस्तानमा अल्पसंख्यक धार्मिक समूहका बालिकाहरूलाई जबरजस्ती विवाह गरि धर्म परिवर्तन गराउने क्रम कतै पनि रोकिने संकेत देखिएको छैन, बरू बढेको बढ्यै छ। अल्पसंख्यक हिन्दु समुदायका बालिका एवं किशोरीहरूमाथि बलात्कार, अपहरण, जबरजस्ती विवाह लगायत धर्म परिवर्तनसम्मका घटनाहरू एकपछि अर्को सार्वजनिक भइरहेका छन्। थोरै मात्र सार्वजनिक हुने यस्ता घटनाभन्दा पर अझै धेरै यस्ता घटना हुने गरेको अल्पसंखयक हिन्दु समुदायका व्यक्तिहरू बताउँछन्।

पाकिस्तानमा अल्पसंख्यक धार्मिक समूहका बालिकाहरूलाई जबरजस्ती विवाह गरेर धर्म परिवर्तन गराउने क्रम बढेको पाकिस्तानको पत्रिका डनमा सुलेमा जाहांगिरले लेखेकी छिन्। यो क्रम बढ्दै जाँदा पाकिस्तानको सिन्ध प्रान्तमा रहेका अल्पसंख्यक हिन्दुहरूले आफुहरूलाई पाकिस्तानमा बस्न गाह्रो हुन थालेको बताएका छन्। पाकिस्तानका प्रम ईमरान खानले अल्पसंख्यकहरूको जिम्मा सरकारले लिन्छ भने पनि उनीहरू अफठ्यारो परिरहेको समुदायका अगुवाहरूले बताएका छन्।

धेरैजसो जबरजस्ती विवाह एवं धर्म परिवर्तन गराइनेमा किशोरीहरू रहेको बताईएको छ। सिन्ध सरकारले जबरजस्ती धर्म परिवर्तन र विवाहका लागि १८ बर्षको उमेर तोक्ने दुई पटक प्रयास गरिसकेको छ। सन् २०१६मा संसदले उक्त बिधेयक पास गरे पनि धार्मिक दलहरूले उमेरको कुरा मान्य नहुने भन्दै बिरोध गरेपछि गभर्नरले त्यसमा हस्ताक्षर नगरि तुहिएको थियो। सन् २०१९मा पनि सिन्ध सरकारले एकपटक फेरि उक्त बिधेयक केहि संशोधन सहित पेश गरेको थियो तर फेरि धार्मिक समूहले बिरोध गरेको थियो। त्यस्को नेतृत्व धार्मिक गुरू एवं राजनीतिज्ञ पिर मियाँ अब्दुल खालिक ( मयाँ मिट्ठु)ले गरेका थिए। हिन्दु किशोरीहरू मुस्लिम युवकहरूसँग प्रेममा पर्छन र स्वेच्छाले धर्म परिवर्तन गर्छन भन्ने मिया मिट्ठुको तर्क रहेको थियो।

एक बर्ष अगाडि करिब दुई हजार हिन्दुहरूले रिना र रविना नाम गरेका दुई किशोरीहरूलाई जबरजस्ती धर्म परिवर्तन गर्न लगाएर विवाह गरिएको आरोप लगाउँदै प्रदर्शन गरेका थिए। ईस्लामावादको अदालतले उनीहरूले स्वेच्छाले धर्म परिवर्तन गरेको फैसला गरेको थियो।

पाकिस्तानमा शक्तिशाली पुरूष वा समूहले किशोरीहरूसँग विवाह गर्ने र धर्म परिवर्तन गराउने क्रम बढेको छ। शक्तिशाली समूहको राजनीतिक लगायत कर्मचारीतन्त्रदेखि न्यायलयसम्म पहुँच हुने हुनाले उनीहरूको अपराध कहिल्यै सार्वजनिक हुँदैन।

केहि समय अघि मात्र १५ बर्षिया किशोरीको अपहरण भएको र उनलाई ईश्लाम धर्मावलम्बी बनाएर विवाह भएको सार्वजनिक भएपछि हिन्दु समुदायमा चिन्ता बढेको छ। बिगत केहि समयदेखि ५० भन्दा बढि किशोरीहरूको त्यसैगरि जवर्जस्ती विवाह भइसकेको छ। यो एउटा नियोजित षडयन्त्रको रूपमा हिन्दु समुदायले लिएको छ। पुरूषहरूलाई पलायन गर्न वाध्य पार्ने र महिलाहरूलाई जवर्जस्ती वाध्य बनाएर मुस्लिम समुदायका युवकहरूसँग विवाह गर्न लगाउने कार्य हिन्दुहरूलाई पाकिस्तानमा शून्यमा झार्ने सिलसिलेवार योजना अन्तर्गत भएको बताउँछन हिन्दु समुदायका अगुवाहरू।

पाकिस्तानले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा धार्मिक अधिकार रहने, जबजस्ती धर्म परिवर्तन गराउन नपाउने लगायतका प्रावधान सहितमा हस्ताक्षर गरेपनि उक्त कुराको पालना नभईरहेको बताईएको छ। बिशेषगरि अल्पसंख्यक धार्मिक समूहका महिलाहरूप्रति पाकिस्तानको कानुन विभेदकारी रहेको छ।

# पाकिस्तानले हिन्दु र इसाईलाई खाद्यान्न नदिएकोमा यूएससीआईआरएफ चिन्तित

अमेरिकी अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता आयोग (यूएससीआईआरएफ) ले कोरोनाभाइरसको प्रकोपमा पनि 'पाकिस्तानमा अल्पसंख्यक हिन्दू र ईसाईहरूलाई खाद्यान्न सहायता नदिएको' खबरले आफू चिन्तित भएको जनाएको छ। यूएससीआईआरएफका आयुक्त अनुरीमा भार्गवले यी कार्यहरू निन्दनीय भएको जनाएका छन्। 'कोभिड-१९ महामारी चलिरहेको छ, पाकिस्तानभित्र कमजोर समुदायहरू भोकमरीकाविरूद्ध लडेर उनीहरूका परिवारलाई स्वस्थ राख्न कोशिस गरिरहेका छन। खाद्यान्न सहायता दिनुपर्छ त्यसबाट हट्नु हुँदैन,'उनले भने। भार्गवले पाकिस्तान सरकार मार्फत सहायत दिने संगठनहरूलाई खाद्यान्न वितरणमा भेदभाव नगर्न आग्रह पनि गरेका छन्। हिन्दू, ईसाइ र अन्य धर्मका अल्पसंख्यका समुदायलाई पनि एक नजरले हेर्नुपर्ने उनले बताए।

हिन्दू समुदाय पाकिस्तानको जनसंख्याको सानो अंश रहेको छ र उनीहरू व्यापक भेदभावको शिकार हुन्छन् र प्रायः आधारभूत मानव अधिकारबाट पनि उनीहरू वञ्चित हुने गरेका विभिन्न अध्ययन रिपोर्टहरूले देखाउँदै आएका छन्। यूएससीआईआरएफका अनुसार कराचीमा घरबारविहीन र मौसमी कामदारहरूलाई सहयोग पुर्याउने गैरसरकारी संस्था सालानी वेलफेयर इन्टरनेसनल ट्रस्टले हिन्दू र ईसाईहरूलाई खाद्यान्न सहयोग गर्न अस्वीकार गरिरहेको छ।

यूएससीआईआरएफका कमिश्नर जोनी मूरले भने पाकिस्तानी प्रधानमन्त्री इमरान खानलाई अप्ठ्यारो परेका बेला मुलुकको नेतृत्व प्रदान गर्दै गर्दा धार्मिक अल्पसंख्यक र गरिव नागरिकलाई भोकमरीबाट जोगाउन सुझाव दिएका छन्। यूएससीआईआरएफको सन् २०१९ को वार्षिक प्रतिवेदनमा पाकिस्तानमा हिन्दू र इसाईहरू असुरक्षित रहेको ठहर गरिएको छ।

उक्त प्रतिवेदनमा सुरक्षाका लागि निरन्तर खतराको सामना गर्नु परिरहेको छ। उनीहरू विभिन्न प्रकारका उत्पीडन र सामाजिक बहिष्कारको शिकार भएको प्रतिवेदनमा दावी गरिएको छ।



कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**बैङ्कको नाम:** राष्ट्रिय बाणिज्य बैङ्क

**शाखा:** सिंहदरबार परिसर

**खाताको नाम:** कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं.:** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## जिल्ला समाचार

### मुख्यमन्त्री राउतद्वारा प्रदर्शनीको अवलोकन

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना भाइरस महामारीको रूप लिए त्यसबाट उत्पन्न हुन सक्ने परिस्थिति व्यवस्थापनका लागि नेपाली सेना मध्यपूर्व पृतनाले गरेको तयारीसम्बन्धी प्रदर्शनीको अवलोकन गरेका छन्। मध्यपूर्व पृतनाले धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरस्थित श्रीनाथ गणमा गरेको प्रदर्शनीको अवलोकन गर्दै मुख्यमन्त्री राउतले नेपाली सेनाको तयारीबारे आवश्यक जानकारी प्राप्त भएको र यसले अन्य सुरक्षा निकाय र स्वयंसेवी संस्थालाई समेत लाभ पुर्‍याउने विश्वास व्यक्त गरे। श्री मध्यपूर्वी पृतनाले प्रस्तुत गरेको उक्त प्रदर्शनीले सुरक्षा निकायबीच गरिने कारवाहीमा समेत एकरूपता ल्याउन मद्दत पुर्‍याई वास्तविक परिस्थितिमा कसरी कार्य गर्नेबारे ज्ञान दिलाउन सफल भएको मुख्यमन्त्री राउतले विश्वास व्यक्त गरे। नेपाली सेनाले कोरोना सङ्क्रमित व्यक्तिको पहिचानदेखि अस्पताल पुर्‍याउने र मृत्यु भएपछिको अवस्थामा शव व्यवस्थापनसम्मको तयारीबारे प्रदर्शनी गरिएको थियो। प्रदर्शनीमा व्यवस्थापनमा खटिने सुरक्षाकर्मीले प्रयोग गर्ने पिपिईदेखि शव व्यवस्थापनमा अपनाइने अन्य उपायहरूबारे समेत जानकारी गराएका थिए।

### रौतहटमा साढे ९ किलो गाँजा बरामद

रूपेन्द्र पटेल, रौतहट। रौतहटको गुजरा नगरपालिका वडा नं–४ जंगल सहीया नजिकै लालबकैया खोला छेउमा सशस्त्र प्रहरीको गस्ती टोलीले लागुऔषध गाँजा बरामर गरेको छ। सशस्त्र प्रहरी ११ नम्बर गणका प्रमुख एसपी रविनराज कर्णजितको कमाण्डमा गएको टोलीले गुजरा नगरपालिका वडा नं–४ लालबकैया नदिको किनारमा साढे ९ किलो गाँजा बरामद गरेको हो। लकडाउनको अवस्था बारे गौर, बौधीमाई, बिजयपुर हुँदै जंगलसहीया तर्फ अनुगमन गर्दै जाने क्रममा आईतबार साँझ एक नम्बर नखुलेको मोटरसाईकलमा एक पोका बोकेर एक जना मानिस सिम्रीटोल बाट पेटभरवा गाँउतर्फ गईरहेका थिए। प्रहरीको गाडी हेरेर टाढैं बाट पोका फालेर मोटरसाईकल चालक भागेपछी संकाको आधारमा चेकजाँच गर्दा उक्त गाँजा बरामद भएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी कर्णजितले बताएका छन्। बरामद गाँजा सोमबार आवश्यक कार्यवाहीको लागी जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाईएको सशस्त्र प्रहरी ११ गण्ले जनाएको छ।

### बारामा सीमाको निगरानी गर्न समिति

बारा। सशस्त्र प्रहरी बल नेपाल नम्वर १२ गणले बारा जिल्लाको सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको जनाएको छ। जिल्लामा रहेको सम्पूर्ण सशस्त्र प्रहरी जनशक्तिलाई कोभिड १९ नियन्त्रणको लागि सीमा तथा सोही बमोजिम आवश्यक क्षेत्रमा पारिचालन गरिएको गणपति, सशस्त्र प्रहरी उपरीक्षक दिगबिजय सुबेदीले बताए। सीमा क्षेत्रमा व्यापक सुरक्षाकर्मी परिचालन गरिएको छ भने स्थानीय तहहरूसँग समन्वय गरी निगरानी समितिमार्फत कार्य अगाडि बढाइएको छ। सामान्य अवस्थामा रहने जनशक्तिभन्दा तीन गुणा बढी संख्यामा हाल सीमा क्षेत्रमा सशस्त्र प्रहरी पारिचालन गरिएको सुबेदीले बताए। सीमामा जम्मा ७ वटा बिओपीमार्फत कार्य गर्दै आएको सशस्त्र प्रहरी बल बाराले थप १७ वटा पोस्ट निर्माण गरी फौजको परिचालन तीव्र बनाएको छ। सुबेदीका अनुसार बाराको दसगजा क्षेत्रमा मात्र ९१ भन्दा बढी स्थानमा सशस्त्र प्रहरीको उपस्थिति छ। सशस्त्र प्रहरी बलले सवारी साधनबाट मोबाइल गस्ती, पैदल र साइकल गस्ती समेत गर्ने गरेको छ। सीमा जोडिएका जम्मा बीस वार्डमा सीमा समन्वय तथा निगरानी समिति गठन गरिएकाले सो समितिमार्फत नयाँ व्यक्ति सीमानाकामा देखिएको खण्डमा खबर आउने गरेको सुवेदीले बताए।

### पानी जमेको खाल्टोमा डुबेर मृत्यु

रूपन्देही। कोटहीमाई गाउँपालिका-५ देवनबसपुर बस्ने राम औतार चौधरीको १४ महिनाको छोरा आनन्द चौधरीको पानी जमेको खाल्टोमा डुबेर मंगलबार दिउँसो मृत्यु भएको छ। खेल्ने क्रममा पानी जमेको खाल्टोमा डुबेर अशक्त भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएक हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### छुट्टै 'कोरोना वार्ड' निर्माण शुरू

कैलाली। धनगढीमा कोरोना सङ्क्रमितको उपचारका लागि ५० श्ययाको छुट्टै 'कोरोना वार्ड' निर्माण शुरू भएको छ। सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले स्वास्थ्य कार्यालय कैलाली र कञ्चनपुरको महाकाली अस्पताललाई ५०( ५० श्ययाको छुट्टै कोरोना वार्ड निर्माणका लागि रू एक/एक करोडको अख्तियारी दिएपछि वार्ड निर्माण शुरू भएको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्रसिंह कार्कीले जानकारी दिनुभयो। उहाँले सेती प्रादेशिक अस्पतालअन्तर्गत सञ्चालन हुने गरी ती निर्माण भइरहेको बताउनुभयो। वार्डको भवन निर्माणका लागि किनारा कन्स्ट्रक्सन प्राइभेट लिमिटेडसँग रू ९४ लाखमा एक महिनाभित्र काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको निर्माणको अख्तियारी पाएको स्वास्थ्य कार्यालय कैलालीका निमित्त प्रमुख लालबहादुर धामीले बताउनुभयो। एक महिनाभित्र वार्ड निर्माणको काम सम्पन्न गर्ने गरी सम्झौता भए पनि जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएकाले प्रदेशका मुख्यमन्त्री र सामाजिक विकासमन्त्रीबाट निर्माणको काम छिटो गर्नुपर्ने भन्ने निर्देशन आएपछि निमार्णकार्यलाई अझै तीव्रता दिइएको छ, निमित्त प्रमुख धामीले भन्नुभयो, दिन र रात गरी काम अघि बढिरहेको छ, १५ दिनभित्र वार्ड निर्माणको काम सम्पन्न हुनसक्छ।

### कोरोनाले धर्म चिन्दैन ऐक्यवद्ध बनौं : मोदी

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सबै धर्मावलम्बीलाई ऐक्यवद्ध बन्न आग्रह गरेका छन्। कोरोना भाइरसबाट विश्वभर २४ लाख ७ हजार जना संक्रमित भइसकेको र १ लाख ६५ हजार भन्दा बढीको ज्यान गइसकेको अवस्थामा मोदीले विश्वलाई नयाँ व्यापारिक मोडलमा जानु पर्ने भएकाले सबै धर्माबलम्बी ऐक्यबद्ध हुनुपर्ने बताएका हुन्। भारतका युवाहरूसंग कोरोनाको महामारीपछिको अवस्थामा कसरी अगाडि बढ्न सकिन्छ भनी सुझाव लिने क्रममा मोदीले विश्वले नयाँ मोडलले ब्यापार गर्नुपर्ने भन्दै भारतले नेतृत्व गर्न सक्ने बताए। मोदीले कोरोना भाइरसले आधारभूत विश्वास, समुदाय, जाति वा राष्ट्रीयताको आधारमा कुनै विभेद नगरेको भन्दै सबै मिलेर जानुको विकल्प नभएको पनि बताएका छन्।

उनले भारतले नेतृत्व लिएर विश्वलाई नै नयाँ ब्यापारिक मोडलमा जानका लागि योगदान दिन कुनै अवसर नगुमाउन भारतीय युवालाई आह्वानसमेत गरेका छन्।

### भारतमा मे ३ पछि लकडाउन खुकुलो हुने

नयाँ दिल्ली। भारतमा जारी लकडाउन मे ३ अर्थात वैशाख २१ गतेपछि खुकुलो हुने भएको छ। भारतका रक्षामन्त्री राजनाथ सिंहको नेतृत्वमा बस्ने बैठकले लकडाउन खुकुलो बनाउने भारतीय सञ्चार माध्यमले जनाएका छन्। मे ३ पछि भारतले लकडाउन खुकुलो बनाएपछि केही शर्तहरू भने जारी नै राख्नेछन्। जसअन्तर्गत सामाजिक दूरी कायम राख्नु पर्ने, मास्क लगाउनु पर्ने, रेल वा प्लेनबाट आउने जाने छुट हुने छैन। यसका साथै त्यहाँको क्षेत्र हेरेर मानिसहरूलाई आवत जावत गर्न दिइनेछ जसमा ग्रीन र रेड जोन तोकिनेछ। यस्तै घरबाट निस्कन मिले पनि मास्क लगाएर अनिवार्य लगाउनु पर्ने हुन्छ। एकठाउँमा भेला हुन पाउने छैन। यस्तै विवाह तथा धार्मिक जस्ता स्थानमा केही राहत दिइनेछ। मुम्बई, दिल्ली, नोइडा, इन्दौर लगायतका क्षेत्रमा विशेष निगरानी राखिनेछ।

### सीमासम्म ल्याउन दिन सहमत

काठमाडौं। लकडाउनका कारण भारतीय भन्सार तथा राजमार्गमा अड्किएका सवारी साधनलाई भारतले नेपाली सीमासम्म सहज रूपमा आवत जावत गर्न दिने भएको छ। नेपालमा निर्माणाधीन अवस्थामा रहेका बिभिन्न जलविद्युत् आयोजनाका सामान, उपकरण तथा मेसिनहरू बोकेका सवारी साधन लकडाउनका कारण भारतमै अड्किएका थिए। जलविद्युत् आयोजनाका लागि आवश्यक उपकरण तेस्रो मुलुकबाट र कतिपय भारतीय उद्योगबाट उत्पादित सामान नेपाल भित्रिन नसक्दा जलविद्युत् आयोजनाको काम प्रभावित भइरहेका बेला भारतले सहजीकरण गर्ने भएको छ।

# भारतसहित बंगलादेश र भुटानका ऊर्जा सचिवबीच बैठक

काठमाडौं । नेपाल, भारत, बंगलादेश र भुटानका ऊर्जा सचिवहरूले कोरोना भाइरस ( कोभिड-१९) का कारण ऊर्जा उत्पादन, माग र वितरणमा भोग्नुपरेका समस्याबारे छलफल गरेका छन्।
भर्चुअल मिटिङमार्फत उनीहरूले कोभिड-१९ पछिको अवस्थाको समीक्षा तथा एकअर्काका समस्याबारे जानकारी लिए ।
बैठकमा कोभिड-१९ ले ऊर्जा क्षेत्रमा पारेको नकारात्मक प्रभाव, विद्युतको माग र आपूर्तिको सन्तुलन, निर्माणाधीन आयोजनाका काम तथा समस्या समाधानको उपायबारे छलफल भएको नेपालका ऊर्जा सचिव दिनेशकुमार घिमिरेले जानकारी दिए ।
सचिव घिमिरेले भारतीय समकक्षी संजिव नन्दन सहायलाई बुटवल-गोरखपुर ४ सय केभी प्रसारण लाइन निर्माणका लागि यसअघि भएको संयुक्त कम्पनी खडा गर्ने प्रक्रिया अगाडि बढाउन आग्रह गरे। त्यसका लागि 'शेयर होल्डर' एग्रिमेन्ट छिट्टै गर्नुपर्ने सचिव घिमिरेको प्रस्ताव थियो ।
सचिव घिमिरेले कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका कारण सरकारी र निजी क्षेत्रले निर्माण गरिरहेका जलविद्युत आयोजनाका लागि खरिद गरेका आवश्यक उपकरण केही भारततर्फका विभिन्न भन्सार र केही बीचैमा रोकिएको जानकारी गराउँदै ती उपकरण आउन दिने व्यवस्था मिलाइदिन भारतीय सचिवलाई आग्रह गरे ।
मन्त्रिपरिषदले लकडाउनका बीचमा पनि विकास आयोजनाका काम अघि बढाउने निर्णय गरेकाले ती सामग्री छिट्टै ल्याउने वातावरण मिलाइदिन उनले आग्रह गरे ।
जवाफमा भारतका सचिव सहायले आफूहरू सकारात्मक रहेको भन्दै त्यसका लागि पहल गर्ने प्रतिबद्धता जनाए । सचिव घिमिरेले विद्युत व्यापारका लागि नेपाल-भारत-बंगलादेशको त्रिपक्षीय संयन्त्रको बैठकका लागि समेत प्रस्ताव गरे ।
यस्तै भारतले नेपालतर्फ विद्युत निर्यात घटाउन आफूहरूले गरेको प्रस्ताव स्वीकार गरेकामा सचिव घिमिरेले धन्यवाद दिए ।
लकडाउनका कारण उद्योगधन्दा बन्द हुँदा माग ह्वात्तै घटेकाले नेपालले भारतबाट विद्युत आयातमा कटौती गरेको छ ।
यसअघि ४ सयदेखि ५ सय मेगावाट दैनिक भारतबाट विद्युत आयात हुँदै आएकामा लकडाउनपछि २ सय मेगावाटमा सीमित भएको छ ।
सचिव बैठकमा भारत, बंगलादेश र भुटानले पनि नेपालकै जस्ता समस्या राखेको सचिव घिमिरेले बताए। ती देशमा पनि लकडाउनका कारण निर्माणाधीन आयोजनाका काम ठप्प भएको, उद्योगधन्दा ठप्प हुँदा विद्युतको माग ह्वात्तै घटेको जस्ता समस्या सचिवहरूले सुनाएको घिमिरेले जानकारी दिए ।

# भारतबाट १२० प्रकारका औषधि आउँदै

काठमाडौं । नेपालले भारत र चीनका सरकारी निकायबाट १२० प्रकारका औषधि तथा स्वास्थ्य सामग्री ल्याउने तयारी गरेको छ। नेपाली सेनामार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि सरकारले गठन गरेको कोभिड-१९ आपतकालीन केन्द्रमा सरोकारवालाहरूले तयार गरेको ३९६ वटा सामग्रीको सूचीबाट सेनाले प्रारम्भिक चरणमा १२० प्रकारका औषधि ल्याउने भएको हो । प्रधानमन्त्री कार्यालयका सचिव लक्ष्मण अर्याल नेतृत्वको कोभिड-१९ आपतकालीन व्यवस्थापन केन्द्र (सिसिएमसी)मार्फत स्वास्थ्य सामग्रीहरूको सूची तयार भएको हो। चीन र भारतका सरकारी निकायले चाँडै सामान आपूर्तिका लागि सूचित गर्ने जानकारी दिएका छन्।
सैनिक प्रवक्ता सहायकरथी विज्ञानदेव पाण्डेले भारत र चीनका सामान आपूर्तिकर्ताहरूसँग पटक-पटक भएको छलफलपछि तत्कालै आवश्यक परेका सामग्री ल्याउने तय भएको जानकारी दिए । भारतबाट ५३ र चीनबाट ६७ प्रकारका स्वास्थ्य सामग्री र उपकरण आउने टुंगो लागेको छ। सेना र दुवै देशका आपूर्तिकर्ता सरकारी कम्पनीबीच मूल्य, सामानको गुणस्तरलगायतका सबै विषयमा सहमति भएको हो। चीनबाट आउने सामानमध्ये केहीको मूल्य बढी देखिएपछि चिनियाँ अधिकारीसँग सेनाले मंगलबार पुनः छलफल गरेको थियो ।

# भारतसँग जोडिएका सीमा नाकामा थप कडाई

दाङ । नेपाल-भारतसँग सिमाना जोडिएको दाङ खण्डमा सशस्त्र प्रहरीलाई सीमा सुरक्षाको लागि परिचालन गरिएको छ । दश स्थानमा सशस्त्र प्रहरी परिचालन गरिएको हो । यसअघि जिल्लामा १० ठूला नाकाहरूमध्ये ७ वटा नाकामा सशस्त्र प्रहरीको क्याम्प स्थापना गरिएको थियो । शुक्रबारदेखि थप तीन नाकामा सशस्त्र प्रहरी परिचालन गरिएको दाङका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले जानकारी दिए ।
उनका अनुसार भारतसँग सीमा जोडिएको प्रमुख नाकाका रूपमा रहेका कोइलावास नाकासहित साना ठूला गरी ३१ नाकाहरू अब अनिश्चितकालका लागि बन्द भएको छ । जिल्लाको ८३ किलोमिटर क्षेत्रमा रहेका नाकाहरूमा सशस्त्र प्रहरीको टोली खटाइएको छ । कोइलावास नाका, भौवा नाका, खंग्रा नाका, पटौली नाका, गुङखोला नाका, भौरीसाल नाका, सुनपथरी नाका गरी ७ वटा नाकामा सशस्त्र प्रहरीको क्याम्प खडा गरी परिचालन गरिएको छ । शुक्रबारदेखि डगमारा नाका, खबरी नाका र भैंसाही नाकामा पनि सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

## आर्थिक समाचार

# भारतमा आरबीआईले ल्यायो ५० हजार करोडको वित्तीय प्याकेज

नयाँ दिल्ली । सरकारले लकडाउनका अवधि ३ हप्ता थप गरेपछि भारतको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डिया (आरबीआई)ले ५० हजार करोड भारतीय रूपैयाँको आर्थिक तथा वित्तीय प्याकेजको घोषणा गरेको छ। समस्यासँग जुझिरहेको वित्तीय क्षेत्रलाई राहत दिने गरी आरबीआईले विभिन्न वित्तीय घोषणाहरू गरेको छ। आरबीआईका गभर्नर शक्तिकान्त दासले 'लक्षित दीर्घकालीन रिपो अपरेसन'को माध्यमबाट ५० हजार करोड रूपैयाँ लगानी गर्ने बताएका छन् । उनले राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक (नबार्ड), नेशनल हाउजिङ बैंक र स्मल इन्डिस्ट्री डेभलपमेन्ट बैंक (सीडबी) लगायत वित्तीय संस्थानका लागि ५० हजार करोड भारतीय रूपैयाँको रि( फाइनानान्सिङ दिने घोषणा गरे । यसअनुसार राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंकलाई २५ हजार करोड, स्मल इन्डस्ट्री डेभलपमेन्ट बैंकलाई १५ हजार करोड र नेशनल हाउजिङ बैंकलाई १० हजार करोड भारतीय रूपैयाँ दिइने भएको छ। आरबीआईले रिभर्स रिपो रेटमा २५ बेसिस पोइन्ट अर्थात् ०.२५ प्रतिशतको कटौती गरेको छ। यसअनुसार रिभर्स रिपो रेट घटेर ३.७५ प्रतिशतमा आएको छ। योभन्दा पहिला घोषणा भएको प्याकेजमा बैंकले रिभर्स रिपो ९० बेसिस पोइन्ट अर्थात् ०.९० प्रतिशत कटौती गरेर यसलाई ४ प्रतिशतमा ल्याएको थियो । गभर्नर दासले कोरोनाका कारण उत्पन्न आर्थिक अवस्थालाई सुक्ष्म रूपमा विश्लेषण गरिरहेको बताए । उनले यो महामारीको समयमा पनि बैंक र वित्तीय संस्थाले समान्य कामकाज गर्ने वातावरण सुनिश्चित गरिएको बताए ।

# महालक्ष्मी बैंकको ४ लाख सहयोग

जनकपुरधाम । कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचारको लागि प्रदेश सरकारले स्थापना गरेको राहत कोषमा महालक्ष्मी बैंकले सहयोग गरेको छ। महालक्ष्मी बैंकले प्रदेश राहतकोषमा चार लाखको सहयोग गरेका छन् । बैंकका जनकपुरस्थित प्रतिनिधिहरूले आइतबार विहान मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई चार लाख बराबरको चेक हस्तान्तरण गरेका हुन् । प्रदेश राहत कोषमा प्रदेशमा शाखा संचालन गर्दै आएका प्रायः बैंकहरूले सहयोग गरेका छन भने केही समाजिक संस्था र उद्योगपतिहरूले समेत सहयोग गरेका छन् । राहत कोषको रकम प्रदेशमा महामारी नियन्त्रणका लागि खर्च गरिने प्रदेश सरकारले घोषणा गरेका छन् ।

# भारतद्वारा विश्वमा औषधी कुटनीतिको सुरुवात

नयाँ दिल्ली । विश्वमा जारि कोरोना संक्रमण (कोभिड(१९)को महामारीका समयमा भारतले विश्वका सय भन्दा बढि देशहरूमा औषधी निर्यात गरेको छ। भारतको यो कार्यलाई उसले शुरू गरेको औषधी कुटनीतिका रूपमा हेरिएको छ। अहिले आपतकालको समयमा आफ्ना औषधीहरू मार्फत भारतले विश्वका धेरै देशहरूसँग ब्यापारिक सम्बन्ध स्थापित गरेको छ ।
भारतले कोभिड-१९मा उपयोगि मानिएको हाईड्रोक्सिक्लोरोक्विनको ८ करोड ५० लाख चक्की विश्वभर निर्यात गरिसकेको छ भने ५० करोड चक्की पारासिटामोल निर्यात गरेको भारतीय अधिकारीले जनाएका छन् । भारतले एक हजार टन बराबरको पारासिटामोल बनाउने कच्चा पदार्थ पनि निर्यात गरिसकेको छ। ६० देशमा उक्त कच्चा पदार्थ निर्यात गरेको भारतीय समाचारपत्र हिन्दुस्तान टाईम्सले जनाएको छ ।
विश्वभरमा बायुसेवाका उडानहरू नहुँदा भारतीय बायुसेना, चार्टर गरिएका फ्लाईट एवं कुतनीतिक चार्टर फ्लाईटहरूबाट उक्त औषधि एवं कच्चा पदार्थ निर्यात गरिएको भारतीय सरकारी अधिकारीहरूले जनाएका छन् ।
मरिसस, सेसेल्समा भारतीय बायुसेनाका बिमानहरूले उक्त औषधिहरू पुयाएका थिए भने अफगानिस्तानमा बिशेष चार्टर फ्लाईट प्रयोग गरिएको थियो। बढि प्राथमिकतामा परेका राष्ट्रहरूलाई औषधी पहिलो लटमा पठाईएको हो भने अरू देशमा पछि पठाइएको र पठाउने क्रम जारी रहेको भारतीय अधिकारीले जनाएका छन् ।
यसअघि भारतले अमेरिका, ब्रजिल, ईजरायलमा उक्त औषधिहरू पठाइसकेको छ। टि्वटर मार्फत अमेरिकी राष्ट्रपतिले भारतलाई धन्यवाद दिएका थिए । रूस, फ्रान्स, स्पेन, नेदरल्याण्ड, बेलायत आदी देशहरूमा पनि भारतले माग अनुसारको हाईड्रोक्सिक्लोरोक्विन औषधीहरू पठाइसकेको छ। त्यसैगरि सिंगापुर, स्विडेन र ईटालीमा पारासिटामोल निर्यात गरेको बताईएको छ ।

# भारतले रोकिएका उपकरण ल्याउन सघाउने

काठमाडौं । भारतीय ऊर्जा सचिव संजिवनन्दन सहायले आफ्नो भूमिमा रोकिएका नेपाली जलविद्युत् आयोजनाहरूको उपकरण नेपाल ल्याउन सहजीकरण गर्ने आश्वासन दिएका छन् । दक्षिण एसियाली मुलुकका ऊर्जासचिवबीच ऊर्जा क्षेत्रमा पारेको असर र प्रभावको विषयमा भएको भर्चुअल बैठकमा उनले उक्त प्रतिबद्धता जनाएको ऊर्जा मन्त्रालयले जानकारी दिएको छ ।
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेका अनुसार भर्चुअल बैठकमा नेपाल, भारत, बंगलादेश र भुटानका ऊर्जा सचिवहरूले कोरोना भाइरस रोग (कोभिड-१९) का कारण ऊर्जा उत्पादन, माग र वितरणमा भोग्नुपरेका समस्याबारे छलफल गरेका थिए ।
बैठकमा कोभिड-१९ ले ऊर्जा क्षेत्रमा पारेको नकारात्मक प्रभाव, विद्युत् माग र आपूर्तिको सन्तुलन, निर्माणाधीन आयोजनाका काम तथा समस्या समाधानका उपायबारे छलफल भएको घिमिरेले बताए ।

# दिल्लीको एम्समा अध्ययनरत नेपाली डाक्टरहरू कोरोना बिरामीको उपचारमा

काठमाडौं । भारतको नयाँदिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेसमा (एम्स) पढाइ गरिरहेका नेपाली विद्यार्थीहरू अहिले कोरोनाका बिरामीको उपचारमा खटिएका छन् । उनीहरू त्यहाँ एमडी एमएस तहमा अध्ययनरत छन् ।
कोरोनाको उपचारमा काम गरिरहेको भारतकै प्रसिद्ध यो अस्पतालमा पढ्ने र काम गर्ने यी नेपाली डाक्टर तलब सुविधाबाट भने बन्चित छन् । कोरोना संक्रमितको उपचारका लागि १२ घण्टासम्म अस्पतालमा खटिने गरेको वीरगन्ज घर भएका विद्यार्थी असरूल हकले जानकारी दिए । नयाँ बिरामीको ज्वरो नाप्ने, शंकास्पद स्वाब परीक्षण गर्ने, आइसोलेसनका बिरामीलाई पनि हेर्ने यी सबै काममा नेपाली विद्यार्थी छन् । यसबाहेक इमर्जेन्सीमा पनि उनीहरूलाई खटाइएको छ । अहिले महामारीको बेला पनि उनीहरू आफ्नो कर्तव्य सम्झेर काममा खटिएका छन् । एम्समा करिब ७० जना नेपाली विद्यार्थी एमडीरएमएस पढ्दै छन् ।

# भारतमा स्वास्थ्यकर्मीको सुरक्षाका लागि नयाँ कानुन

नयाँदिल्ली । भारत सरकारले स्वास्थ्यकर्मीको सुरक्षाका लागि नयाँ अध्यादेश ल्याएको छ । सञ्चार तथा प्रसारण मन्त्री प्रकाश जावाडेकरले स्वास्थ्यकर्मीमाथिको आक्रमण असह्य हुने भन्दै आध्यादेश ल्याएको बताएका छन् । 'महामारी रोग कानुनसम्बन्धी अध्यादेश क्याबिनेटले पास गरिसकेको छ। राष्ट्रपति प्रमाणीकरण गरेसँगै यो कार्यान्वयनमा आउँछ,' उनले भने । अध्यादेश कार्यान्वयन भएसँगै स्वास्थ्यकर्मीमाथि आक्रमण गरे दुईदेखि पाँच लाख भारूसम्म जरिवाना तिराइने र सात वर्षसम्म जेल सजाय हुन सक्ने जावाडेकरले बताए । पछिल्लो समय भारतमा कोरोना भाइरस संक्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि आक्रमण बढेको थियो । यस्ता घटना बाहिरिन थालेपछि सरकारले अध्यादेश ल्याएको हो । गृहमन्त्री अमित शाह र इण्डिया मेडिकल एसोसियसनबीच बैठक बसेपछि अध्यादेश ल्याइएको हो ।

# नेपाल-भारत सीमानाकामा सिसीटिभी

जनकपुरधाम । प्रदेश २ सरकारले नेपाल-भारत सीमानाकामा सिसीटिभी क्यामेरा जडान गर्ने भएको छ । लकडाउन तथा सीमानाका शिल गरिएको अवस्थामा पनि आवागमन नरोकिएपछि प्रदेश सरकारले आठै जिल्लाका विभिन्न नाकामा सिसीटिभी जडान गर्न लागेको हो ।
प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहाले सीमामा सिसिटिभी जडान गरिन लागेको जानकारी दिए । 'नेपाल-भारत सीमानाकामा सिसीटिभी क्यामेरा जडानका लागि करिब रू पाँच करोड खर्च हुनेछ । सीमामा कडा निगरानीका लागि यो कदम उठाउन लागिएको हो,'उनले भने । भारतसँग जोडिएको खुल्ला सीमाका कारण भारतबाट रातिराति लुकीछिपी मानिस नेपाल छिर्ने गरेको र त्यसले गर्दा कोरोना सङ्क्रमण रोकथाममा झन कठिनाइ भएको भन्दै सिसीटिभी क्यामेरा अर्को विकल्पका रूपमा अघि सारिएको बताए ।
यस्तै, सीमानाकामा निगरानी बढाउनका लागि सुरक्षाकर्मीलाई १०० साइकल दिने तयारीमा समेत प्रदेश सरकार जुटेको मन्त्री कुशवाहाले जानकारी दिए ।

# भारतलाई अमेरिकी सहयोग

नयाँ दिल्ली । अमेरिकाले कोरोना भाइरस महामारीविरूद्ध लड्न भारतलाई ५९ लाख अमेरिकी डलर सहयोग गरेको छ । अमेरिकाले उपलब्ध गराएको उक्त सहयोग संक्रमितको हेरचाह, संक्रमितको परिक्षण तथा समुदायलाई सचेत गराउने कार्यक्रमहरूमा उपयोग हुने छ । अमेरिकाले पछिल्ला २० वर्षमा भारतलाई २ दशमलब ८ बिलियन डलर सहायत उपलब्ध गराएको छ जसमध्ये कम्तिमा १.४ बिलियन डलर स्वास्थ्य क्षेत्रका लागि रहेको हिन्दुस्तान टाइम्सले उल्लेख गरेको छ। अमेरिकाले कोरोना भाइरस महामारीविरूद्ध विभिन्न देश र संस्थालाई पाँच सय ८ मिलियन डलर उपलब्ध गराएको अमेरिकाको स्टेट डिपार्टमेन्टले जनाएको छ ।

# भारतको लकडाउन खुकुलो हुने

नयाँदिल्ली । भारत सरकारले ग्रामीण क्षेत्रलाई राहत दिने उद्देश्यले कृषि क्षेत्रका गतिविधि सञ्चालनका लागि दोस्रो चरणको लकडाउनलाई केही खुकुलो बनाउने निर्णय गरेको छ। भारतको गृहमन्त्रालयले निर्देशिका जारी गर्दै ग्रामीण भेगसँग प्रत्यक्ष जोडिएका कृषिका क्षेत्रका गतिविधिलाई खुला गर्ने जनाएको हो। तर, यो छुट २० अप्रिलपछि मात्र लागू हुनेछ । भारतमा बुधबारदेखि दोस्रो चरणको १९ दिने लकडाउन लागू भएको छ । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलने नरोकिएपछि प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार सार्वजनिक सम्बोधनमार्फत लकडाउनको घोषणा गरेका थिए । त्यही सम्बोधनमा मोदीले लकडाउनको पहिलो साता अत्यन्त कडाइ गरिने र त्यसपछि केही क्षेत्रलाई खुकुलो बनाइने बताएका थिए । मोदीको घोषणाअनुसार नै बुधबार भारतको गृहमन्त्रालयले खुला गरिने क्षेत्रहरूका सम्बन्धमा निर्देशिका जारी गरेको हो । तर, यो सहुलियत कोरोना संक्रमण उच्च भएका कारण हटस्पट तोकिएका इलाकाहरूमा भने लागू हुने छैन ।

# चीनबाट निर्यात गरिएका तीन लाख टेस्ट किट भारत पुग्यो

नयाँदिल्ली । चीनबाट निर्यात गरिएको तीन लाख टेस्ट किट भारत पुगेको छ । चीनको ग्वान्झाओबाट एयर इन्डिया बिमान तीन लाख थान कोरोना परीक्षण सामग्री एन्टीबडी टेस्ट किट बोकेर भारत उडेको थियो । शनिबार नै स्वास्थ्य सामग्री भारत पुगेको एएनआईले जनाएको छ । यी टेस्ट किट भारतीय राज्यहरू तमिलनाडु र राजस्थानका स्वास्थ्य संस्थाहरूलाई उपलब्ध गराइने भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । चीनका लागि भारतीय राजदूत विक्रम मिश्रीले ट्वीट गर्दै भनेका छन,'ग्वान्झाओबाट झण्डै ३ लाख टेस्ट किट भारततर्फ पठाइएको छ । यी किट राजस्थान र तमिलनाडुका लागि व्यवस्था गरिएको हो ।'

# भारतले प्यारासिटामोल फर्म्युलेसनको निर्यातमा हटायो प्रतिबन्ध

नयाँ दिल्ली । भारतले प्यारासिटामोल फर्म्युलेसनको निर्यातमा लगाएको प्रतिबन्ध हटाएको छ । कोरोनाभाइरसको प्रकोपको बीचमा भारतले शुक्रवारदेखि यो प्रतिबन्ध हटाएको भारतको बैदेशिक व्यापार महानिर्देशनालयले जनाएको छ । प्यारासिटामोल एक दुखाइ कम गर्ने औषधि हो । कोरोना भाईरस संक्रमितलाई यो औषधि प्रयोग गर्ने गरिन्छ । गत मार्चमा भारतले २६ प्रकारका औषधि सामग्री र उनीहरूबाट बनाइएको औषधीहरूको निर्यातमा प्रतिबन्ध लगाएको थियो । भारतीय विदेश मन्त्रालयले अप्रिलमा कोरोनाभाइरस महामारीबाट नराम्ररी प्रभावित भएका देशहरूलाई उचित मात्रामा हाइड्रोक्सीक्लोरोक्विन र प्यारासिटामोल निर्यात गर्ने कुरा गरेको थियो ।

# कोरोना भाइरस संक्रमितको दर घटाउँदै भारत

नयाँ दिल्ली । भारतमा कोरोना संक्रमणको फैलने गति कम हुँदै गइरहेको छ । केन्द्रीय स्वास्थ्य मन्त्रालयले बताएअनुसार भारतभर तीन दिनमा कोरोना संक्रमण दर दोब्बरको हिसाबले बढेको थियो । तर हाल यो दर हरेक ६ दशमलव २ दिनमा झरेको बताइएको छ। अर्थात् हरेक तीन दिनमा कोरोना संक्रमणकै कारण ज्यान गुमाउनेको दर ६ दिनमा झरेको छ । यसले भारत कोरोना संक्रमणसँग लड्न सफल हुँदै गएको देखिएको छ । भारतभर कोरोना संक्रमितको मृत्युदर ८० : २० रहेको त्यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले निकालेको तथ्यांकले देखाएको छ । यो अनुपात कतिपय प्रान्तमा भने अझै राम्रो छ । यसका साथै भारतले यही मेसम्ममा १० लाख आरडिटी (न्यापिड टेस्ट किट) बनाइसक्ने बताएको छ । जसबाट भारतमा निकै छिटो कोरोना संक्रमितको संख्या पत्ता लगाउन सजिलो हुने र कोरोना भाइरस रोकथाममा ठूलो उपलब्धि मिल्ने विश्वास गरिएको छ । भारतका १९ राज्यमा कोरोना संक्रमितको दर सुस्त छ । भारतको केरला, उत्तरखण्ड, हरियाना, हिमाञ्चल प्रदेश, चण्डीगढ, लद्दाख, पुड्डुचेरी, दिल्ली, बिहार, उडिसा, तमिलनाडु, आन्ध्रप्रदेश, उत्तरप्रदेश, पन्जाब, आसाम, त्रिपुरामा कोरोना भाइरसको जोखिम नबढेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं